# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रम्भा गाउँपालिका
## पाल्पा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रम्भा गाउँपालिका

## पाल्पा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

रम्भा गाउँपालिका

पालपा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
लुम्बिनी प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ४१

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

रम्भा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

पाल्पा।

१. **कैफियत सहितको राय** – हामीलेपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. २ करोड ३८ लाख ५९ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ५ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१ लाख ७५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ९७ लाख ७७ हजार, नियमित गर्नुपर्ने रु. ३९ लाख २ हजार समेत गरी यस वर्ष रु. २ करोड ३८ लाख ५४ हजार बेरुजू कायम रहेको छ ।गाउँपालिकाको गतवर्ष सम्मको सम्परीक्षण पश्चात रु. ६ करोड ३६ लाख ९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ८ करोड ७४ लाख ६३ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने रम्भा गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी रम्भा गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**( घनश्याम पराजुली )**
**नायब महालेखापरीक्षक**

## रम्भा गाउँपालिका, पाल्पा जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५७ | ४२ | २३८५९ | ० | १ | ५ | ५७ | ४१ | २३८५४ | १७५ | ३९०२ | १९७७७ | ० | ० | २३६७९ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रम्भा गाउँपालिका, पाल्पा जिल्ला | ७७०८९ | ० | १३९९५ | ६३०९४ | ५१५ | २३८५४ | ८७४६३ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | ३० | असुल दाखिला | ४९७९ |
| | चालु वर्षको जम्मा | | | **४९७९** |
| | गत विगत वर्षतर्फको | | | |
| १ | २०७८।७९ | | | ७१०४९२१ |
| २ | २०७७।७८ | | | ४८१४४७२ |
| ३ | २०७६।७७ | | | १७५७३६९ |
| ४ | २०७५।७६ | | | ५७५५८ |
| ५ | २०७४।७५ | | | ८४९६८ |
| ६ | २०७३।७४ | | | १७५९६५ |
| | गत विगतको जम्मा | | | **१३९९५२५३** |
| | कुल जम्मा | | | **१४०००२३२** |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

१ **(क) कार्यालयको उद्देश्यः-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।१३ देखि २०८०।०५।१९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय — व्ययतर्फ रु.११८६०१६६०६.४९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **एकिकृत आर्थिक विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम रम्भा गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय आय-व्यय हिसावको आर्थिक वर्ष २०७९/८० को संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

| सि.नं. | आय | सि.नं. | व्यय |
|---|---|---|---|

| | विवरण | रकम | | विवरण | रकम |
|---|---|---|---|---|---|
| १ | गतवर्षको जिम्मेवारी | ४००८३८२६.०६ | १ | संघीय समानीकरण अनुदान | ८५७७२६४६.८८ |
| | क. स्थानीय संचितकोष खाता | ३२४१३३१७.६४ | | क. चालु | ४५५०९२४७.८८ |
| | ख. विविध कोष खाता | ६३७१४८०.८६ | | ख. पूंजीगत | ४०२६३३९९.०० |
| | ग. स्थानीय तह धरौटी खाता | ७२४८५९.०० | २ | संघीय सशर्त अनुदान | २२७७०६८५७.९५ |
| | घ. प्रकोप व्यवस्थापन कोष खाता | ५७४१६८.५६ | | क. चालु | १९५३१६७०३.९५ |
| २ | राजश्व आय | ७५५४७२३५.३० | | ख. पूंजीगत(विशेष अनुदान समेत) | ३२३९०१५४.०० |
| | क. आन्तरिक राजश्व | ७७९९९५५.६२ | ३ | संघीय समपुरक अनुदान पूँजीगत | ०.०० |
| | ख. राजश्व वांडफाड | ६७७४७२७९.६८ | ४ | आन्तरिक स्रोत | ३२७८३३८२.३० |
| ३ | संघ सरकारबाट हस्तान्तरण | ३६१२२११००.०० | | क. चालु | १७८६३९६९.३० |
| | क. वित्तीय समानीकरण अनुदान | ९५३६७५००.०० | | ख. पूंजीगत | १४९१९४१३.०० |
| | ख. सशर्त अनुदान | २५६८५३६००.०० | ५ | राजश्व वाँडफाँड | ५३०४६८८०.७८ |
| | ग. समपुरक अनुदान | ०.०० | | क. चालु | ३२४९१७५९.७८ |
| | घ. विशेष अनुदान पुँजीगत | ९००००००.०० | | | |
| ४ | प्रदेश सरकारबाट हस्तान्तरण | ३२१८३००१.०० | | ख. पूंजीगत | २०५५५१२१.०० |
| | | | ६ | प्रदेश समानीकरण अनुदान | ०.०० |
| | | | | क. चालु | ०.०० |
| | | | | ख. पुँजीगत | ०.०० |
| | क. वित्तीय समानीकरण अनुदान | ५५२१०००.०० | ७ | प्रदेश विशेष अनुदान (चालु) | ४६९९७५०.०० |
| | ख. समपूरक अनुदान | १३०३७००१.०० | ८ | प्रदेश समपूरक अनुदान पूँजीगत | १३०३७००१.०० |
| | ग. सशर्त अनुदान | ७६२५०००.०० | ९ | प्रदेश सशर्त अनुदान पूँजीगत | ५९१४०६०.०० |
| | घ. बिशेष अनुदान | ६००००००.०० | १० | अन्तर सरकारी वित्तीय हस्तान्तरण | ११४७६८००६.०० |
| ५ | अन्तर सरकारी वित्तीय हस्तान्तरण | ११४७६८००६.०० | | | |
| | क. सामाजिक सुरक्षा | ११०२४२९१२.०० | | क. सामाजिक सुरक्षा | ११०२४२९१२.०० |
| | ख. भाषा तथा संस्कृती कार्यक्रम | ३१४९५५६.०० | | ख. भाषा तथा संस्कृति कार्यक्रम | ३१४९५५६.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | ग.प्रदेश तथा स्थानीय शा.सहयोग कार्यक्रम | ८८८०३८.०० | | ग.प्रदेश तथा स्थानीय शा.सहयोग कार्यक्रम | ८८८०३८.०० |
| | घ.बालअधिकार तथा सामाजिक न्याय | ४८७५००.०० | | ग.बालअधिकार तथा सामाजिक न्याय | ४८७५००.०० |
| | | | ११ | धरौटी फिर्ता | ८५८०२९.०० |
| ६ | कार्यसञ्चालन कोष | १३५९००८७.०० | १२ | कार्यसञ्चालन कोष | ४१२८७४७.०० |
| | क. प्रकोप व्यवस्थापन कोष | ०.०० | | क. प्रकोप व्यवस्थापन कोष | ०.०० |
| | ख. विविध खर्च खाता | १३५९००८७.०० | | ख. विविध खर्च खाता | ४१२८७४७.०० |
| ७ | धरौटीको प्राप्ती | ४८३३८८५.४३ | १३ | फिर्ता | ४११५७९३१.६५ |
| | | | | क. संघीय सशर्त अनुदान(चालु) | ३४४१९२९५.६५ |
| | | | | ख. संघीय शसर्त अनुदान(पूँजिगत) | ३७२७४४६.०० |
| | | | | ख. प्रदेश सशर्त अनुदान | ३०११११९०.०० |
| | | | १४ | मौज्दात रकम (स्रेस्ता अनुसार) | ५८३५३८४८.२३ |
| | | | | क. स्थानीय तह संचितकोष खाता | ३७२४६१४३.३८ |
| | | | | ख. धरौटी खाता | ४७००७१५.४३ |
| | | | | ग. प्रकोप व्यवस्थापन कोष खाता | ५७४१६८.५६ |
| | | | | घ. विविध खर्च खाता | १५८३२८२०.८६ |
| | | | | ङ. आन्तरिक राजस्व खाता | ०.०० |
| | **जम्माः** | **६४२२२७१४०.७९** | | **जम्मा** | **६४२२२७१४०.७९** |

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

३ **आन्तरिक नियन्त्रण प्रणालीः** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन सम्बन्धमा देखिएका थप व्यहोरा निम्न छनः

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्यांकमा एकरुपता देखिएको छैन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन ।

• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा सम्पूर्ण क्षेत्र/विषय प्रविष्टी नगरेकोले शुत्रबाट प्राप्त भएको आर्थिक विवरणले यथार्थ अवस्थाको चित्रण गर्न सकेको छैन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको छैन ।

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ ।

• पालिकाले वडा कार्यालय र विषयगत कार्यालय समेतको जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको छ ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको छैन ।

• खरिद व्यवस्थापन भएका ठेक्का फाईलको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख र कन्टिन्जेन्सी खाता राखेको छैन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रम उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा हस्तान्तरण सम्बन्धी कुनै कार्यवाही भएको छैन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता कार्य नभएको वा अद्यावधिक भएको छैन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा सो को पालना गर्नलाई स्थायी प्रकृतिको कागजात तयार गरी कार्यान्वयन गरेको छ ।

• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारी दरवन्दीबमोजिम पदपूर्ती नहुँदा सेवा प्रवाहमा असर परेको छ ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको छैन ।

• वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार नगरेको र शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन ।

• कार्यालयको स्वीकृत दरबन्दीअनुसार जनशक्ति व्यवस्थापनका लागि सम्बन्धीत निकायमा समन्वय गर्नु पर्नेमा सो गरेको छैन ।

• कार्यालयको कार्य प्रकृति अनुसार सार्वजनिक निकायको प्रमुखले माताहत कर्मचारीलाई कार्यविवरण/कार्यदिश दिई समयमै कार्यसम्पादनमा जोड दिनुपर्नेमा सो भएको छैन ।

• सार्वजनिक निर्माण कार्यलाई पारदर्शी तथा मितव्यायी बनाउनको लागि सार्वजनिक निर्माण सम्बन्धी लेखा राख्न म.ले.प. फाराम नं. ५०० अन्तर्गतका फारमहरुको प्रयोग गर्नुपर्नेमा सो गरेको छैन ।

• अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड २०७८ को दफा १५(१) बमोजिम रकम विनियोजन भएको अवस्थामा धारा तथा विजुलीको महशुल समयमा नै भुक्तानी गरी जरिवाना तिर्नु पर्ने अवस्था आउन दिन नहुने तर्फ कार्यालयले ध्यान दिनु पर्नेमा सो को पालना भएको देखिएन ।

• कार्यालयले सवारी साधनको सुविधा प्रयोग गर्दा अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड २०७८ को दफा १०(१) बमोजिम अनिवार्य रुपमा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत लगबुकको फाराममा भएको विवरणहरु स्पष्ट रुपमा भरी स्वीकृत गरेर मात्र खपत भएको इन्धन वापतको रकम भुक्तानी दिनु पर्नेमा सो गरेको देखिएन ।

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको छैन । यसबाट गत विगतका बेरुजु तथा पेश्की हराउने वा छुट्नेतर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ ।

उपरोक्त बुँदा समेत पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४ **वित्तीय विवरण तथा प्रतिवेदनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

४.१ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.११०२४२९१२, भाषा तथा संस्कृति कार्यक्रमको रु.३१४९५५६, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको रु.८८८०३८ र बाल अधिकार तथा सामाजिक न्यायको रु.४८७५०० समेत गरी रु.११४७६८००६ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.२ **फरक हिसाबः** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.६३७१४७९.८६, यस वर्षको प्राप्ति रु. १४९५५४४५७.१६ र यस वर्षको भुक्तानी रु. १५५९२५९३७.७६ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७२ ) | ३३७१२३४५ | ४५२५८८८५८ | ४२७९४७३५५ | ५८३५३८४८ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४००८३८२६ | ६०२१४३३१५ | ५८३८७३२९२ | ५८३५३८४८ |
| फरक | ६३७१४८० | १४९५५४४५७ | १५५९२५९३८ | ० |

सैद्धान्तिक बेरुजु

५ **दुई लेखाप्रणालीः** एउटा कार्यालयमा एक लेखा प्रणाली हुनुपर्दछ । सार्वजनिक निकायमा एक भन्दा बढी लेखा प्रणाली भएमा आय व्ययलाई एकीकृत गर्न, विश्लेषण गर्न र प्रतिवेदन गर्न ती लेखा प्रणालीका बीच अन्तरसम्बन्ध कायम गरिनुपर्दछ । स्थानीय तहमा दुई लेखा प्रणाली SUTRA(Sub-National Treasury Regulatory Application) र CGAS(Computerized Government Accounting System) बाट लेखा राख्ने गरिएको छ । तर ती दुवै प्रणालीका बीच एकैकार्यक्रमका खर्चलाई एकीकृत गर्ने र प्रतिवेदन दिने व्यवस्था रहेको छैन । पालिकामा संघ, प्रदेश र स्थानीय गरी तीन तहको बजेट प्रयोग गर्दा अन्तर सरकारी वित्तिय हस्तान्तरणको रकम CGAS प्रणालीमा र स्थानीय श्रोतलाई SUTRA प्रणालीमा प्रबिष्टि गर्दा एकै कार्यक्रम/योजनाको हकमा दुवै प्रणालीमा बजेट खर्चलाई अभिलेख गर्दा अन्तरसम्बन्ध नहुँदा के

कति खर्च भयो यकिन गर्न नसकिने स्थिति छ । अन्तर सरकारी वित्तिय हस्तान्तरणको रकम CGAS मा मात्र अभिलेख गरिने हुँदा ले SUTRA प्रणालीबाट प्रतिवेदन गरिने वार्षिक आर्थिक विवरण म.ले.प. फाराम २७२ मा समावेश हुन सक्ने देखियो । सोका कारण वर्षभरि भएको कारोवारको वास्तविक प्रतिवेदन समेत प्राप्त नहुने र एकै कार्यक्रममा दुई प्रणालीबाट खर्च लेख्दा सो खर्च दोहोरो हुन नदिन लेखाप्रणालीले नियन्त्रण गर्न सक्ने अवस्था देखिएन । एक निकायमा एक लेखाप्रणाली लागू गर्नुपर्ने र दुई लेखाप्रणाली लागू गर्न आवश्यक भए ती प्रणालीका बीच अभिलेख एकीकृत हुने व्यवस्था लागू गर्ने व्यवस्था गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| गाउँपालिका पुँजीगत | ८८७७४९३४ | २१७८९१ | ६०७४७५६ | २१६८१२०६ | ६०८०१०८१ | ३४१४०९१० |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | ३२३९०१५४ | ० | ० | २८२५२८ | ३२१०७६२६ | २४३६५१५९ |
| प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | ५९१४०६० | ० | २६४०००० | ९२४०० | ४७२६०६० | २४२२०६० |
| **जम्मा खर्च** | **१२७०७९१४८** | **२१७८९१** | **६३३८७५६** | **२२८८७७३४** | **९७६३४७६७** | **६०९२८१२९** |
| **खर्च प्रतिशत** | **१००** | **०.१७** | **४.९९** | **१८.०१** | **७६.८३** | **४७.९५** |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१२७०७९१४८ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.२१७८९१(०.१७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.६३३८७५६(४.९९ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.२२८८७७३४ (१८.०१ प्रतिशत) र चौथो त्रैमासिकमा रु.९७६३४७६७(७६.८३ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.६०९२८१२९(४७.९५ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७ **क्षेत्रगत बजेट खर्चः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिएको छ ।

| **मुख्य क्षेत्र** | **वार्षिक बजेट** | **खर्च रकम** | **कुल खर्च प्रतिशत** | **क्षेत्रगत खर्च प्रतिशत** |
|---|---|---|---|---|
| आर्थिक विकास | ४१६८९१६५ | ३०३६८०२९ | ७२.८४ | ७.१८ |
| सामाजिक विकास | ३१२२१५००० | २५४८११७७१ | ८१.६१ | ६०.२४ |
| पूर्वाधार विकास | ११७८२५८३५ | ८५६१०५९७ | ७२.६६ | २०.२४ |
| सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्र | ६२१८००० | ५१६७०९८ | ८३.१ | १.२२ |
| कार्य सञ्चालन तथा प्रशासनिक | ५८५९९९१७ | ४७००८६०८ | ८०.२२ | ११.११ |
| **जम्मा** | **५३६५४७९१७** | **४२२९६५५०३** | **७८.८३** | **१००** |

पालिकाले क्षेत्रगत वार्षिक बजेट अनुसार पूर्वाधार विकासमा सबैभन्दा कम ७२.६६ प्रतिशत र कार्य सञ्चालन तथा प्रशासनिक अन्तर्गत सबैभन्दा बढी ८०.२२ प्रतिशत खर्च गरेको छ । उल्लिखित ५ क्षेत्रको क्षेत्रगत खर्च प्रतिशतमध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ६०.२४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्रमा सबैभन्दा कम १.२२ प्रतिशत खर्च भएको छ । कार्यसञ्चालन तथा प्रशासनिक खर्चमा नियन्त्रण गरी आर्थिक विकास, पूर्वाधार विकास, सुशासन लगायतका क्षेत्रका गतिविधिमा समेत जोड दिनु पर्ने देखिन्छ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

८ **खर्च बिश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.७७९९९५५.६२ राजस्व बाँडफाँड र अनुदानबाट रु.४६११५१३८०.७० समेत रू. ४६८९५१३३६.३० आम्दानी भएकोमा चालु तर्फ रु.२९५८७६५०५.५१ र पूँजिगत तर्फ रु. १२७०७९१४८.०० गरी जम्मा रु.४२२९५५६५३.५१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.८४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.५८११०००.०० खर्च भएको छ जुन आन्तरिक आयको ७४.५० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३.०९ प्रतिशत चालु र २७.१० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

९ **कन्टिन्जेन्सी खर्चः** निर्माण कार्यका लागि निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्धित लागत अनुमानको २ प्रतिशत वर्क चार्ज स्टाफमा र २ प्रतिशत सानातिना कार्यका लागि खर्च गर्न मिल्ने व्यवस्था छ । कन्टिन्जेन्सी रकम खर्च गर्दा कुन निर्माण कार्यसँग सम्बन्धित खर्च हो सो प्रष्ट हुने गरी योजनागत छुट्टै अभिलेख राख्नुपर्नेमा कार्यालयले राख्ने गरेको पाइएन । यसले गर्दा कन्टिन्जेन्सी रकमको सीमा नाघे ननाघेको र सम्बन्धित खर्च रहे नरहेको यकिन गर्न सकिएन । निर्माण कार्यका योजनागत कन्टन्जेन्सी रकमको अभिलेख राखी योजनासँग सम्बन्धित कार्यमा मात्र कन्टिन्जेन्सीको सीमा भित्र रही आवश्यकतानुसार खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१० **सरकारी लेखा फारामः** सार्वजनिक निर्माण कार्यको लेखाको सरकारी लेखा सम्बन्धी म.ले. प. फा.नं. हरू प्रयोग गरी अद्यावधिक अभिलेख राख्नुपर्दछ । कार्यालयले म.ले.प.फा.नं. ५०५, ५०६, ५०७, र ५०९ फारामहरू प्रयोग गरेको पाइएन ।यसले गर्दा ठेक्का सम्बन्धी आइटमवाइज कार्य, धरौटी, पेश्की, कार्य सम्पादन जमानत, म्याद थप, भुक्तानी स्थिती, भेरिएशनलगायतका अद्यावधिक अवस्थाको विश्लेषण गर्न सकिएन । निर्माण सम्बन्धी स्वीकृत सरकारी लेखा फारामहरू प्रयोगमा ल्याई निर्माण सम्बन्धी ठेक्का लगायतका विवरणको अद्यावधिक अभिलेख राख्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

११ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१२७०७९१४८ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१२ **बजेट व्यवस्थापन तथा योजना प्राथमिकीकरणः**

१२.१ **बजेट सीमा निर्धारण समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था

भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२.२ **बजेट तथा कार्यक्रम तर्जुमा-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२.३ **बजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०७९।३।१० मा रु.५३ करोड ६५ लाख ४७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१२.४ **योजना प्राथमिकीकरण-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ५ वडाको लागि वडास्तरिय १७९ र पालिकास्तरका १११ गरी कुल २९० योजनामा वजेट विनियोजन गरेको छ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | १११ | १८ | ३९ | ५४ |
| २ | वडास्तरीय | १७९ | ० | ० | १७९ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २५४ योजनामात्र कार्यान्वयन भई ३६ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **व्यवसाय कर-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२४१५५० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **सामुदायिक वनबाट आय-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।

सैद्धान्तिक बेरुजु

१६ **लक्ष्य प्रगति-** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

१७ **आवधिक योजना-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

१८ **आन्तरिक राजस्व व्यवस्थापनः**

१८.१ **आय अनुमान-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१२०००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.७७९९९५५.६२ अर्थात अनुमानको ६५ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

१८.२ **रसिद नियन्त्रण खाता-** आम्दानी खर्च पुष्टि हुने गरी प्रमाण राख्नुपर्दछ । कार्यालयले यो वर्ष आन्तरिक आम्दानी रु. ७७९९९५५.६२ गरेको विवरण प्राप्त भएको छ। गाउँपालिका कार्यालय र ५ वटा वडा कार्यालयहरूले गत वर्षको मौज्दात रसिद, गाँउपालिकाबाट प्राप्त रसिद प्याड थान, आम्दानीमा प्रयोग भएका रसिद र बाँकी रहेका रसिदहरूको रसिद नियन्त्रण खातामा अभिलेख अद्यावधिक गरेको छैन। तोकिएका म.ले.प.फारम नं. १०५, १०६, १०७, १०८ लगायत निम्नानुसारका अभिलेखहरू व्यवस्थित राखेको नदेखिदा गाँउपालिका र वडा कार्यालयहरूबाट भएको आम्दानी यकिन गर्न सकिएन ।

• आन्तरिक आयमा प्रयोग हुने रसिदहरूको छपाई, आम्दानी, खर्च र बाँकीको अभिलेख देखिने रसिद नियन्त्रण खाता व्यवस्थित गरेको छैन् ।

• गत आ.व.मा छपाई भएका नगदी रसिदहरू समेत प्रयोगमा आएको पाइएको तर त्यसको अ.ल्या. र बाँकी समेत देखिने अभिलेख अद्यावधिक गरेको छैन् ।

• वडामा पठाइएको रसिदहरू र हाल रसिदको अवस्थाको सम्बन्धमा अभिलेख अद्यावधिक भएको छैन् ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

१८.३ **कर तथा शुल्क असुली-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । साथै, पालिकाले राजस्वका श्रोत विश्लेषण गरी तथ्यपरक र अनुमानयोग्य हुने किसिमका आम्दानीका श्रोत पहिचान गरी लक्ष्य निर्धारण गर्ने तथा लक्ष्य बमोजिम राजस्व संकलनमा क्रियाशिल रहनुपर्नेमा पालिकाको वार्षिक अनुमान र श्रोत संकलनको अवस्था निम्नानुसार रहेको छ साथै यस पालिकामा राजस्वका श्रोतका रुपमा पहिचान भएका राजस्वका सबै श्रोतहरु उचीत तरीकाले सम्बन्धित शिर्षकमा लेखाङ्कन हुन सकेको छैन । पालिकाले वडागत रुपमा संकलन भएको राजस्व दाखिला समयमा गर्ने, सम्बन्धित शिर्षकमा गर्ने, कर तथा शुल्कको प्रक्षेपणलाई मूल्यांकन एवं विश्लेषण गर्ने गर्नुपर्दछ । साथै, राजस्व अनुमानलाई वस्तुगत बनाई आय संकलनका लागि थप श्रोत व्यवस्था गर्न स्थानीय तह थप क्रियाशिल हुनुपर्ने देखिएको छ ।
पालिकाको आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र सं | राजश्व संकेत | आम्दानी शीर्षक | २०७९/०८०अनुमान | आम्दानी | लक्ष्यको तुलनामा घटि/बढी आम्दानी(प्रतिशतमा) |
|---|---|---|---|---|---|
| १ | ११३१ | सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | ५००००० | ४२४३३३ | ८४.८७ |
| २ | ११३१४ | भुमिकर/मालपोत | १५०००००० | ७९८४७५ | ५३.२३ |
| ३ | ११३२१ | वहाल कर | २००००० | २९४५९३ | १४७.३ |
| ४ | ११३२२ | वहाल बिटौरी कर | ५००००० | ११५४०९८ | २३०.८२ |
| ५ | ११४५१ | सवारी साधन कर (साना सवारी) | १०००० | ० | ० |
|  | १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | १०००० | ० | ० |
| ६ | १४१५७ | बाँडफाँडबाट प्राप्त दहत्तर बहत्तरबाट प्राप्त आय | ७६०००० | १७४११५५ | २२९.१ |
| ८ | १४२१३ | अन्य बिक्रिबाट प्राप्त आय | ५०१०००० | ३१७०५० | ६.३३ |
| ९ | १४२२४ | परिक्षा शुल्क | १०००० | १६१०० | १६१. |
| १० | १४२४१ | पार्किङ शुल्क | ५००० | ० | ० |
| ११ | १४२४२ | नक्सा पास दस्तुर | १००००० | २००६० | २०.०६ |
| १२ | १४२४३ | सिफारिश दस्तुर | १२००००० | १३७६१२० | ११४.६८ |
| १३ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ३००००० | २६६७०० | ८८.९ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | १४२४९ | अन्य दस्तुर | ५४५००० | ३५५५६४ | ६५.२४ |
| १५ | १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ५००००० | २४१५५० | ४८.३१ |
| १६ | १४३१२ | प्रशासनिक दण्ड , जरिवाना , जफत | ५०००० | ४८०३० | ९६.०६ |
| १७ | १५१११ | बेरुजु असुली | ८००००० | ७४६१२८ | ९३.२७ |
| | | **जम्मा** | **१२००००००** | **७७९९९५६** | **६५.००** |

माथी उल्लेखित विवरण अनुसार पालिकाले आर्थिक वर्ष २०७९।८० मा रु.१२०००००० असुली हुने अनुमान गरेकोमा रु.७७९९९५६ मात्र असुली गरेको छ जुन असुली अनुमानको ६५ प्रतिशत मात्र हो । कतिपय आम्दानी शिर्षकमा असुली शुन्य देखिन्छ । अनुमान अनुसारको असुली गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१८.४ **आन्तरिक आय-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३३७१३५२४१ | ७७९९९५७ | २.३१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.३१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१८.५ **राजश्व वाँडफाँड-** स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको रोयल्टी वापतको रकम विभाज्य कोषमा दाखिला गरी भ्याट वापतको रकम संघीय संचित कोषमा र बाँकी रकमको ४० प्रतिशत प्रदेश संचित कोषमा दाखिला गर्नु पर्नेमा सो नगरी पालिकाको आन्तरिक राजस्व खातामा दाखिला गरी स्थानीय संचित कोषमा सम्पूर्ण रकम ट्रान्सफर गरेको छ । यसरी पालिकाले संकलन गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु.

| आय शीर्षक | संकलित रकम | मूल्य अभिवृद्धी बापतको रकम (संघीय संचित कोष दाखिला हुनु पर्ने) | प्रदेश संचितकोष दाखिला हुनु पर्ने |
|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | २६४५५० | ३०४३५ | ९३६४६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२४,०८१ |

१८.६ **राजश्व अभिलेख-** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१९ **न्यायिक समिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो वर्ष थप भएको १० गरी कुल १२ विवाद दर्ता भएकोमा ४ वटा मात्र फस्र्यौट भई ८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२० **सार्वजनिक सम्पत्तिको उपयोग र संरक्षणः**

२०.१ **लिलाम तथा मर्मत-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४(४) मा जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि लिलाम विक्री गर्नुपर्ने अवस्थाका मालसामानहरु नियम १०६ बमोजिम एक महिना भित्र लिलाम बिक्री सुरु गर्नु पर्ने तथा मर्मत गर्नु पर्ने भनी तोकिएका मालसामानहरु तीन महिना भित्र मर्मत गरीसक्नु पर्ने व्यबस्था छ । पालिकाबाट पेश भएको जिन्सी मौज्दातको वार्षिक विवरण अनुसार निकम्मा भई लिलाम गर्नुपर्ने साथै सामानहरु मर्मत गर्न सकिने अवस्थामा रहेकोले मर्मत गर्नुपर्ने व्यहोरा उल्लेख भएकोमा कार्यान्वयन भएको छैन । समयभित्र लिलाम बिक्री तथा मिनाहा समेत गरी फरफारक भएको नदेखिएकोले नियमानुसार उक्त जिन्सी सामानहरु मर्मत तथा लिलाम गर्नुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

२०.२ **जिन्सी अभिलेख-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा खरिद गरी वा नगरी, हस्तान्तरण भई वा बस्तुगत सहायतामा प्राप्त मालसामान ७ दिन भित्र मूल्य र स्पेसिफिकेशन खुलाई जिन्सी दाखिला गरी लगत अधावधिक गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको साविक गा.वि.स. र विषयगत शाखाको सम्पूर्ण चल, अचल सम्पति र जिन्सी अभिलेख प्राप्त गरी गाउँपालिकाको जिन्सी तथा सम्पत्ति रजिष्टरमा अभिलेख नराखेको, यस वर्ष खरिद गरेका कतिपय खप्ने तथा नखप्ने मालसामान जिन्सी दाखिला नगरेको, गाउँपालिका अन्तर्गतका वडा कार्यालयले खरिद गरेको मालसामानको जिन्सी दाखिला नगरेको तथा वडा कार्यालयमा नै दाखिला गर्ने गरेको कारण गाउँपालिका अन्तर्गत के कति सम्पत्ति र दायित्व रहेको छ यकिन गर्न सकिएन । गाउँपालिकाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, कम्प्यूटर, ल्यापटप, प्रिन्टर, मोवाईल सेट, फर्निचर लगायत खप्ने तथा नखप्ने मालसामान सम्बन्धमा हिनामिना, दुरुपयोग तथा अपचलन हुनबाट संरक्षण गर्न जिन्सी अभिलेख अद्यावधिक गर्नु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२०.३ **पाम्सको प्रयोगः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) को प्रयोग यस पालिका आंशिक रुपमा गरेको छ । वडा कार्यालय तथा पालिका अन्तर्गतका स्वास्थ्य इकाईहरुको कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने मसलन्द सामाग्री तथा आवश्यक फर्निचर तथा प्रिन्टर समेत सम्बन्धित कार्यालयले नै खरिद गरेको र सो खरिदलाई PAMS मा पोष्टिङ्ग गरेको छैन् । यसले गर्दा पालिका अन्तर्गतका अन्य कार्यालयले वर्ष भर खप्ने जिन्सी सामाग्री कति र नखप्ने जिन्सी सामाग्री कति खरिद गरेको र कति प्रयोग भयो र कति बाँकी छ भन्ने एकिन गर्न सकिएन । पालिका अन्तर्गतका कार्यालयलाई आवश्यक पर्ने कार्यालय सञ्चालन सम्बन्धी सम्पूर्ण जिन्सी सामाग्री गाउँपालिकाले एकिकृत रुपमा खरिद गरी PAMS मा दाखिला गराएर मात्र खर्च लेख्नु पर्दछ । पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## २१ संगठन तथा कर्मचारी व्यवस्थापनः

२१.१ **कर्मचारी व्यवस्थापन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा

व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाको गाउँ कार्यपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २९, कृषितर्फ ४, पशुतर्फ ५ र स्वास्थ्य चौकीतर्फ २८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म गाउँ कार्यपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १२, कृषितर्फ स्थायी पदपूर्ती नभएको, पशुतर्फ १ र स्वास्थ्य चौकीतर्फ १६ स्थायी पदपूर्ती भएको छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्दछ । रिक्त पद यथाशिघ्र पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१.२ **कर्मचारी करार-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था भएकोमा पालिकाले विभिन्न पदमा ६२ जना कर्मचारी करारमा राखी रु.९१ लाख १३ हजार खर्च लेखेको छ ।

सैद्धान्तिक बेरुजु

२१.३ **अवकाश कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म ऐनको व्यवस्था बमोजिम अवकाश कोषको स्थापना गरेको छैन । पालिकाले अवकाश कोषको स्थापना गरी भावी दायित्व भुक्तानी सहजतालाई सुनिश्चित गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **सहकारी नियमन-** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १८ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **प्रधानमन्त्री रोजगार कार्यक्रम-** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम

सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत सबै वडामा ९ योजना सञ्चालन गरी यस वर्ष ६१ जनालाई औसत ९७ दिनले ५९०७.५० दिन रोजगारी उपलब्ध गराई रु.३४१०९४१.२७ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **आर्थिक सहायता-** गाउँपालिकाले आर्थिक सहायता वितरण गर्दा आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि बनाई कार्याविधिले निर्धारण गरेको मापदण्ड बमोजिम आर्थिक सहायता भुक्तानी गर्नु पर्दछ । पालिकाले कार्यविधि नबनाई गाउँपालिका चालुतर्फबाट मृगौला मुटु र क्यान्सर रोगी उपचार सहायताबाट रु.३३००००, अन्य सामाजिक सुरक्षा/गरिव परिवार सहायताबाट रु.१३८००० र प्रकोप विपत व्यावस्थापन तथा राहत सहयोगमार्फत रु.१९११०६ गरी रु.६५९१०६ बराबरको खर्च सम्बन्धितहरुको निवेदन तथा कार्यपालिकाबाट पटके निर्णय गरी आर्थिक सहायता वितरण गरेको छ । कार्यविधि तयार गरी सो कार्यविधिले निर्धारण गरेको मापदण्ड अनुसार सहायता वितरण गर्ने र यस्ता खर्चमा नियन्त्रण गर्ने तर्फ कार्यलाई सचेत हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **विविध खर्च-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष विविधतर्फ खाना/खाजामा मात्र रु.८६२४०९ खर्च गरेको छ । यस्तो खर्चमा मितव्यायीता कायम हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **आन्तरिक लेखापरीक्षण-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८४ मा कार्यालय प्रमुखले राजश्व, धरौटी तथा बिनियोजतर्फको आन्तरिक लेखापरीक्षण गराई देखिएको बेरुजु फछ्र्यौट गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । पालिकाले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका निम्नानुसारका व्यहोरा अन्तिम लेखापरीक्षण हुँदाको समयसम्म पनि स्थिति यथावत रहेको छ । ऐन नियमको व्यवस्था अनुसार औंल्याएका व्यहोरा फस्यौंट गरी प्रमाण पेश गर्नु पर्ने रु.

| **क्र.सं.** | **व्यहोरा** | **रकम** |
|---|---|---|
| १ | आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायि ऐन २०७७ नियम ३९ ५६ र ५७ को आधारमा प्रमाणित पुष्ट्याईको आधारमा लेखा राख्नुपर्ने ब्यावस्था छ कुनै पनि भुक्तानीको कागजात पेश गर्दा बिल भर्पाईमा सामानको नाम परिणाम एकाई र दर स्पष्ट बुझिनेगरि खुलाएर पेश गर्नुपर्दछ । | |
| २ | संघीय शशर्त चालुः ६८-२०७९/११/१९ आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायि नियामावली २०७७ को नियम ३९ बमोजिम प्रमाणित पुष्ट्याईएको आधारमा लेखा | |

| | | |
|---|---|---|
| | राख्नुपर्नेमा विद्यालयले संचालन गरेको राष्ट्रपति रनिङ शिल्ड कार्यक्रमको उपस्थिति फोटो तथा सम्बन्धित शाखाको टिप्पणि नभएकोले कार्यक्रमको स्पष्टता नपाईएकोले उपस्थिति पेश गर्नु पर्दछ । | |
| ३ | सार्बजनिक खर्च मापदण्ड कार्यबिधि र मितव्यायिता सम्बन्धि निर्देशिका २०७५ को दफा १ को घ मा व्याबस्था गरिएअनुसार कानुन तथा निर्णय बाट गठित समिति तथा कार्यदलको बैठकका लागी मात्र बैठक भत्ता दिनुपर्ने व्यावस्था भएको तथा बैठकमा आमन्त्रित संख्या बढिमा तिन जना सम्म राख्नु पर्ने व्यावस्था रहेको छ सोहि बमोजिम आगामी दिनबाट उक्त कार्यलाइ ध्यान दिई भुक्तानी दिनुपर्ने देखिन्छ । | |
| ४ | कराङ्दी खोला पाखुरे मोटरबाटोको डोरहाजिरि भरेकोमा सामाजिक सुरक्षा करकट्टी छुटेको रु.३५३७.४ हुनुपर्नेमा रु. १०२१ मात्र कट्टि भएकोले बाँकी रकम असुल गर्नु पर्ने रु. | २५१६ |
| ५ | ओमभञ्ज्याङ सार्बजनिक शौचालयको निर्माण योजनाको भुक्तानीमा ढुवानी करकट्टि छुटेको रु.४१५० हुनुपर्नेमा रु. ९५० मात्र करकट्टि भएकोले छुटेको रकम असुल गर्नु पर्ने रु. | ३२०० |
| **प्रदेश तथा स्थानीय सहयोग शासन कार्यक्रम** | | |
| ६ | प्रदेश सुशासन केंन्द्र द्वारा जारी स्थानीय तहको क्षमता विकास योजना तयार गर्नको लागि कार्य शर्त विवरण २०७९को बुदा नं ३ मा प्रदेश सुशासन केन्द्रसंग समझदारी पत्रमा हस्ताक्षर भई सकेपछी स्थानीय तहले प्रचलित कानुन बमोजिम खरिद गर्नु पर्ने भन्ने व्यवस्था रहेको छ । सुशासन केन्द्रसँग स्थानीय तहले समझदारी गर्दा २०८०/०२/१५ गते भित्र खरिद कार्य सम्पन्न गर्ने गरी सेन्टर फर गुड गभर्नेन्स एण्ड डेभलपमेन्ट म्यानेजमेन्ट प्रा.लि. सँग स्थानीय तहको क्षमता विकास योजना निर्माण वापत खरिद कार्यहरु सुरु गरेकोमा सुशासन केन्द्रको सम्झौता विपरित स्थानीय तहले आफू खुसी म्याद थप गरी भुक्तानी गरेको पाइयो । साथै सार्वजनिक खरिद नियमावली बमोजिम लागत अनुमान तयार नभएको, सम्झौतामा हस्ताक्षर नभएको, सम्झौतामा मिति नभएको समेत पाइयो । परामर्श खरिदमा खरिद कानूनको पालना भएको नदेखिएकोले अनियमित रु. | ४३५८८१ |
| ७ | प्रदेश सुशासन केंन्द्र द्वारा जारी स्थानीय तहको क्षमता विकास योजना तयार गर्नको लागि कार्य शर्त विवरण २०७९को बुदा नं ३ मा प्रदेश सुशासन केन्द्रसंग समझदारी पत्रमा हस्ताक्षर भई सकेपछी स्थानीय तहले प्रचलित कानुन बमोजिम खरिद गर्नु पर्ने भन्ने व्यवस्था रहेको छ । सुशासन केन्द्र सँग स्थानीय तहले समझदारी गर्दा २०८०/०२/१५ गते भित्र खरिद कार्य सम्पन्न गर्ने गरी अलाना ईन्टरनेशनल सर्भिस प्रा.लि. लाई राजस्व सुधार कार्ययोजना वापत खरिद कार्यहरु सुरु गरेकोमा सुशासन केन्द्रको सम्झौता विपरित स्थानीय तहले आफू खुसी म्याद थप गरी भुक्तानी गरेको पाइयो । साथै सार्वजनिक खरिद नियमावली बमोजिम लागत अनुमान तयार नभएको, सम्झौतामा हस्ताक्षर नभएको, सम्झौतामा मिति नभएको समेत पाइयो । परामर्श खरिदमा खरिद कानूनको पालना भएको नदेखिएकोले अनियमित रु. | ४१९७२१ |

| **जम्मा** | **८६१३१८** |
|---|---|

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,६१,३१८ |

२७ **पेश्की बाँकी-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४७(४) साथै नियम ५१ मा म्याद नाघेको पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतले व्याज समेत असुल गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले उपलब्ध गराएको निम्नानुसारको पेश्की गत आर्थिक वर्षको अन्तिम लेखापरीक्षणमा म्याद नाघेको पेश्की भनी उल्लेख गरेकोमा हालसम्म पनि सो पेश्की फर्छ्यौट भएको छैन् । बाँकी रहेको पेश्की नियमावलीको व्यवस्था बमोजिम व्याज समेत असुल गर्नु पर्ने रु.

| क्र. सं. | पेश्कीको विवरण | पेश्की दिएको मिति | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | पेश्की रकम (म्याद नाघेको) | व्याज(लेखापरीक्षण अवधीसम्म १५ महिनाको) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आ.व. २०७७/७८ मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता | ०१/१४/२०७९ | कालीगण्डकी एग्रो फार्म | २००००० | २५००० | रु.२००००० गत आ.व.को मलेप प्रतिवेदनमा लगतीको रुपमा रहेको हुँदा ब्याज वापतको रकम रु.२५००० मात्र लगती गरिएको छ । |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,००० |

२८ **औषधी खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर यस पालिकाले उक्त प्रक्रियावेगर ठेक्का र सोझै खरिद गरी जम्मा रु.१४५२६९२ को खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छनः

• खरिद गरेका उक्त औषधीको उत्पादन कम्पनी र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको छैन ।

• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टीफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश भएको छैन् ।

• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

• औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको छैन ।

• औषधीको खर्च घटाउँदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको छ ।

औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेका औषधीको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२९ **न्यानो झोला कार्यक्रम -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ५ बर्थिङ सेन्टरमा गत वर्ष २०० थानको रु.१८०००० र यस वर्ष १५० थान को रु. १३५००० खरिद गरेकोमा गत वर्ष ८८ जना र यस वर्ष ४२ जना गरी १३० मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका २२० थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३० **बढी ग्रेड भुक्तानी -** ✂.......... ***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८१।१।३ को निर्णयबाट रु. ४९७९।- सम्परीक्षण गरिएको ।)***

| असुल गर्नुपर्ने | ० |
|---|---|

३१ **विधुत महशुलमा जरिवान भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) वमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च गर्ने विल भर्पाइ प्रमाण र कागजात संलग्न गरी अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई खर्च गर्नु पर्ने व्यवस्था छ । साथै सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड २०७८ को दफा १५(१) बमोजिम रकम विनियोजन भएको अवस्थामा धारा तथा विजुलीको महशुल समयमा नै भुक्तानी गरी जरिवाना तिर्नु पर्ने अवस्था आउन दिन नहुने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ । पालिकाले विद्युत तथा पानीको महशुल भुक्तानी गर्दा थप दस्तुर रु.३५०८.०७ समेत रु.२३२९५ खर्च लेखेको नमूना परीक्षणबाट देखिएको छ ।

आगामी दिनमा यसमा सुधार हुनु पर्ने देखिन्छ । बजेट भएको अवस्थामा समयमै विधुत महशुल तिरी रिवेट (छूट) लिनुपर्नेमा तोकिएको समयमा महशुल नतिरी थप महशुल भुक्तानी गरेको अनियमित रु.

| | |
|---|---|
| अनियमित भएको | ३,५०८ |

३२ **सूचना प्रकाशनमा छुट -** पत्रपत्रिकामा कार्यालयको विविध किसिमको सूचना प्रकाशन बापतको रकम भुक्तानी गर्दा सूचना प्रकाशनको बील अंकमा कम्तिमा २५ प्रतिशत छुट गरि बिलिङ्ग गर्ने प्रणाली गोरखापत्र लगायत सबै मिडियाहरुले गर्ने गरेका छन् । यस कार्यालयले देहायको मिडिया मार्फत सूचना प्रकाशन गर्दा बील अंकमा छुट गरेको नदेखिँदा कार्यालयलाई रु.३३९१० थप व्ययभार पर्न गएको रु.

| **गो.भौ.नं.-मिति** | **मिडियाको नाम** | **विल अंक(मू.अ.कर बाहेक)** | **छुट गर्नु पर्ने रकम** |
|---|---|---|---|
| ६७८-२०८०/३/२३ | करुवा अर्ध सासाहिक | ३९८२३ | ९९५५ |
| ६७७-२०८०/३/२३ | नवजनचेतना दैनिक | १६००० | ४००० |
| ३३२-२०७९/११/२९ | बुटवल पब्लिकेशन प्रा.लि. | ४०००० | १०००० |
| ४९०-२०८०/२/११ | पाल्पा समाचारपत्र | ३९२३५ | ९९५५ |
| **जम्मा** | | **१३५०५८** | **३३९१०** |

| | |
|---|---|
| अनियमित भएको | ३३,९१० |

३३ **शिक्षातर्फः**

३३.१ **विद्यालयको लेखापरीक्ष -** पालिका अन्तरगतका विद्यालयहरुको समयमै लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ पालिका अन्तरगत रहेका ३७ सामुदायिक विद्यालयलाई आ. व. २०७९/८० मा पालिकाले दिएको अनुदान निकासा विद्यालयलहरुले आफ्नो वित्तिय विवरणमा सामावेश गरी लेखापरीक्षण गराई प्रतिवेदन पेश गर्नु पर्नेमा गरेको देखिएन । लेखापरीक्षण गरी प्रतिवेदन विश्लेषण सहित विद्यालयको निकासा रकम यकिन हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३३.२ **पाठ्यपुस्तक अनुदान -** विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यन्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.४.६.१ मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित र यकिन गरी पाठ्यक्रम विकास केन्द्रको स्वीकृत दररेट बमोजिम कक्षा १ देखि १२ सम्म अध्ययनरत विधार्थी संख्याको ७५ प्रतिशत संख्यालाई तेस्रो चौमासिक भित्र पाठ्यपुस्तक अनुदान रकम विद्यालय खातामा निकासा दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवातमै पुरा सेट नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट निकासा दिने उल्लेख छ । पालिकाले

देहाय वमोजिमका विद्यालयहरुलाई पाठ्यपुस्तक वापत उपलब्ध गराएको रकम भन्दा कम रकमको विल भर्पाई पेश भएको रु. ५१७०१ असूल गर्नुपर्ने रु.

| क्र. सं . | विद्यालयको नाम | रकम निकाशा | निकाशा हुनु पर्ने | बढी निकासा |
|---|---|---|---|---|
| १ | श्री जनप्रिय आधारभुत विद्यालय | ५३०६० | ४६२१० | ६८५० |
| २ | श्री रम्भा माध्यमिक विद्यालय | ३७३६८२ | ३३५६८४ | ३७९९८ |
| ३ | श्री नवज्योति प्राथमिक विद्यालय | ७०३० | ६५०३ | ५२७ |
| ४ | श्री सूर्योदय प्राथमिक विद्यालय | ५६२२ | ५४०० | २२२ |
| ५ | श्री जन कल्याण माध्यमिक विद्यालय | २३६७८८ | २२२६८४ | १४१०४ |
| **जम्मा** | | | | **५९७०१** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५९,७०१ |

३३.३ **दिवा खाजा -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को क्रियाकलाप नं. २.७.११.१ मा तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान रकम व्यवस्थापन गर्ने नीति अन्तर्गत शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS मा समावेश भएको प्रारम्भिक बाल विकासदेखि कक्षा ६ सम्मको विद्यार्थी संख्यालाई आधार मानेर वजेट निकासा गर्ने र दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ मा उल्लेखित मापदण्ड वमोजिक खाजा व्यवस्थापन गर्ने व्यवस्था रहेको छ। दिवा खाजा सम्वन्धमा देखिएका व्यहोराहरु निम्न रहेका छनः

¬ कृष्णगण्डकी माध्यमिक विद्यालयलाई दिवा खाजा वापत कूल रु.२९४७०५ निकासा भएकोमा चालु आर्थिक वर्षमा सो कार्यमा रु. २९२२०० मात्र खर्च भइ बाँकी रहेको रु.२५६५ असूल गरी दाखिला गर्नु पर्दछ ।

¬ सगरमाथा प्राथमिक विद्यालयलाई दिवा खाजा वापत कूल रु.६१५४५ निकासा भएकोमा खर्चको विल भर्पाइ पेश नभएकोले दिवा खाजा वापत भएको खर्चको विल भर्पाइ पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६४,११० |

३३.४ **कारोवार लेख -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५(६) र २६(६) मा महालेखा नियन्त्रक कार्यालयको स्वीकृति लिई तोकिएको आधारमा लेखा राख्न र सरकारी कारोवार, सम्पत्ति र दायित्वको लेखाङ्कन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था तोकिए वमोजिम हुने व्यवस्था छ । महेन्द्र आ.वि. का शिक्षक श्री बसन्त ब. चितौरे मगरको आ.व. २०७८।७९ को बाँकी तलव भत्ता यस आ.व. २०७९।८० को वजेटबाट रु.२२०२७ प्रमाण बेगर

भुक्तानी भएको छ । गत आ.व.को दायित्व भुक्तानी दिन बाँकी म.ले.प. फारम नं. २२१ बेगर यस बर्ष सो भुक्तानी भएकोले नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | २२,०२७ |

३३.५ **छात्रवृत्ति अनुदान -** विधालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ७.२.१.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि आवासीय तथा गैरआवसीय छात्रवृत्ति एवम् सामुदायिक विद्यालयका आधारभूत तथा माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुका लागि विपन्न लक्षित हुने गैर आवसिय छात्रवृत्ति वापत कक्षा १ देखि ८ सम्म अध्ययन गर्ने दलित तथा गैरदलित छात्राछात्रलाई प्रतिविद्यार्थी रु.४०० का दरले रकम उपलव्ध गराउने व्यवस्था रहेको छ। गाउँपालिकाले यस वर्ष ३७ विद्यालयको विद्यार्थीहरुको छात्रवृत्ति वापत लागि रकम निकासा गरिएकोमा निम्न विद्यालयहरुमा निकासा भन्दा कम छात्रवृत्ति वुझेको भर्पाइ पेश भएको हुँदा बाँकी रकम असूल गरी दाखिला गर्नु पर्ने रु.

| **क्र. सं .** | **विद्यालयको नाम** | **भर्पाइ नपुग रकम** |
|---|---|---|
| १ | नवज्योति प्राथमिक विद्यालय | १२०० |
| २ | रविकिरण आधारभुत विद्यालय | १४०० |
| ३ | अरनिको प्राथमिक विद्यालय | ८०० |
| ४ | मजुवा प्राथमिक विद्यालय | ४८०० |
| ५ | कृष्ण गण्डकी माध्यमिक विद्यालय | ५६०० |
| ६ | प्राकृतिक आधारभुत विद्यालय | १२०० |
| **जम्मा** | | **१५०००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,००० |

३३.६ **विद्यालयको निकास -** गाउँपालिकाबाट विद्यालयमा शिक्षक तथा कर्मचारीको तलब भत्ता भुक्तानी गर्दा विद्यालयबाट माग भए बमोजिम माग फाराम एकिन गरी भुक्तानी दिनु पर्दछ । माग गरिएको रकम निकासा गर्दा माग फाराम अनुसारको शिक्षक तथा कर्मचारी विद्यालयमा रहे नरहेको समेत यकिन गर्नु पर्दछ । गाउँपालिकाले श्री चण्डेश्वरी प्राथमिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको तलब भत्ता भुक्तानी गर्दा माग फाराम बेगर भुक्तानी गरेको पाईयो । बर्षभरी कुनै माग फाराम पेश नभएको तथा दिवा खाजा र पाठ्य पुस्तकको सम्बन्धमा कुनै माग नभएको अवस्थामा पनि पालिकाले सो विद्यालयलाई निकासा गरेको देखियो । सो विद्यालयलाई गाउँपालिकाबाट पाठ्यपुस्तक, दिवाखाजा तथा तलब भत्ता वापत रु.६९८३७६.०० भुक्तानी भएको छ । लेखापरीक्षणको क्रममा सो विद्यालयको बैंक स्टेटमेन्ट माग गरि परीक्षण समेत

गरिएकोमा विद्यालयको खातामा गएको रकम मध्ये प्रथम त्रैमासिकको रकम झिकेको देखिन्छ भने सो पश्चातको रकम विद्यालयको खातामै मौज्दात रहेको देखिन्छ । गाउँपालिकामा तलब भत्ता तथा अन्य खर्च माग नगरी सो विद्यालयको खातामा रकम जम्मा गर्न सिफारिस गर्ने शिक्षाशाखा प्रमुखलाई जिम्मेवार बनाई के-कति कारणले माग नहुँदा समेत भुक्तानी भएको र विद्यालयकै खातामा मौज्दात रहेको हो छानविन गरि प्रतिवेदन पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,९८,३७६ |

३३.७ **स्यानीटरी प्याड खरिद -** शैक्षिक शत्र २०८० का लागी विद्यालयमा प्याड वितरण गर्नका लागी संघीय सरकारबाट प्राप्त सशर्त बजेटबाट प्याड खरिद गर्न २८०mm लम्बाई, ७५mm चौडाई र १७mm मोटाई सहितको स्पेसिफिकेसन तयार गरी मिति २०८०।०२।१० मा सुचना प्रकाशन गरेको पाईयो । गाउँपालिकाले कुल ९११७ वटा प्याडको लागी रु १०९३९९१.६८ को लागत अनुमान तयार गरी सुचना प्रकाशन गरेकोमा श्री ए.जी. हेल्थ ईण्डस्ट्रीज प्रा.ली. ले रु ३४४१९६.८४ मा सो सुचना अनुसारको परिमाणमा प्याड आपुर्ति गर्ने गरी स्वीकार गरेको पाईयो । आपुर्तिकर्ताले सुचना अनुसारको सस्फेसिफिकेसन अनुसारनै हुने गरी आपुर्ती गर्ने तर सो प्याडको मोटाई १७mm नभई ५mm भन्दा कम हुने भनी प्रस्ताव पेस गरेकोमा कार्यालयले सोही प्रस्तावलाईनै स्वीकार गरेको छ । आपुर्ती कर्ताबाट प्राप्त भएको प्याडको मुल्याङ्कन गरी पेस गरेको प्रतिवेदनमा "Fully compliant with Specs except thickness for ultra-thin should be below 5mm, which needs correction in the specs 17mm thickness is for regular use sanitary pad" उल्लेख गरिएको छ । कार्यालयले चाहेको स्फेसिफिकेसनलाई नै correction गरी सो भन्दा कम मोटाईको हुने गरी आपुर्ती गरेको र सो प्रस्तावलाई नै कार्यालयले स्वीकृत गरेको हुदा सुचनामा प्रकाशन गरिएको स्फेसिफिकेसन र स्यानीटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधी, २०७६ को प्रतिकुल हुने गरी खरिद तथा वितरण गरिएतापनि कार्यालयले आपुर्तीकर्ताले पेश गरेको ल्याव परीक्षण प्रतिवेदनका आधारमा स्वीकार गरेको देखिन्छ । कार्यालयले खरिद कार्यको लागि तयार गरिएको सामानको स्पेशिफिकेशन अनुसार हुने गरी खरिद कार्य गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३४ **विद्यालयलाई बढी भुक्तानी -** नमुना विद्यालयको भौतिक निर्माण कार्यकोलागि श्री रम्भा मा.वी. लाई भवन निर्माण वापतको वाँकी रहेको रु ४६७३५४३ र कम्पाउण्ड वाल निर्माण वापतको भुक्तानी गर्न वाकी रहेको रु ११७५६९६.२९ समेत कुल रु ५८४९२३९.२९ मात्र भुक्तानी हुनु पर्नेमा संघीय शसर्त पुँजिगत तर्फको भौचर नं ३५/२०८०।०३।२३ बाट रु ५८६७२३९ भुक्तानी भएको हुदा भुक्तानी गर्न बाकी रहेको रकम भन्दा बढी हुने गरी भएको भुक्तानी रु १८०००.०० सम्बन्धीत विद्यालयबाट असुल गरी दाखिला हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,००० |

३५ **विद्यालयलाई निकासा -** संघीय सरकारवाट शसर्त अनुदान प्राप्त विद्यालयको भौतिक तथा शैक्षिक सुधारका लागि खरिद सम्झौता गरी दायित्व सिर्जना गरेको र सो आर्थिक वर्षमा निर्माण कार्य सम्पन्न हुन नसकी बाँकी रहेको निर्माण कार्य र शैक्षीक सामाग्री खरिद वापतको रकम गाउँपालिकाले सम्बन्धीत विद्यालयको खातामा जम्मा गरी गाउँपालिकाको आदेश बीना निकासा दिन नसकिने गरी सम्बन्धीत खातामा नै रोक्का राख्ने गरी जम्मा गरीएको छ । भौतिक निर्माण कार्यको हकमा गाउँपालिकाले आफैले ठेक्का बन्दोबस्त गरी खरिद सम्झौता गरेमा सो खरिद सम्झौता सँग सम्बन्धीत नै नरहेको विद्यालयको

खातामा रकम रोक्का राख्ने गरी निकासा गर्नु उपर्युक्त देखिएन । तोकिएको समयावधीमा निर्माण कार्य सम्पन्न गर्ने र सो अवधीमा निर्माण सम्पन्न हुन नसकेमा तथा खरिद गर्नु पर्ने शैक्षिक सामाग्री खरिद गर्न नसकी बाँकी रहेको रकम संघीय सरकारलाई नै फिर्ता गर्नु पर्नेमा सम्बन्धीत विद्यालयको खातामा जम्मा गरी खाता रोक्का राख्ने कार्य कानून सम्मत देखिदैन । गाउँपालिकाले संघीय सरकारबाट कामै तोकेर पठाएको रकम सो अवधीमा सो काम सम्पन्न गर्ने तर्फ ध्यान दिनु पर्ने तथा काम गर्न नसकी रकम बाँकी रहेमा वर्षान्तमा संघीय सरकारलाईनै फिर्ता पठाउने तर्फ विषेश ध्यान दिनु पर्ने देखिन्छ । गाउँपालिकाले निर्माण कार्यको लागि सम्झौता गरी निर्माण कार्य सम्पन्न हुन नसकेको र शैक्षीक सामाग्री खरिद गर्न तोकिएको रकम सो शैक्षिक सामाग्री खरिद गर्न नसकी बाँकी रहेको रकम देहाय अनुसारको विद्यालयमा जम्मा गरेको पाईएकोले आगामी दिनमा यस्ता कार्यमा नियन्त्रण गरी यसरी दिएको भुक्तानीको कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने रु.

| **सि.नं.** | **विद्यालयको नाम** | **भुक्तानी रकम** |
|---|---|---|
| १ | कालिगण्डकी गुरुकुलम तथा आयुर्वेदिक औषधालय अधुरो भवन | ५७७३६४९ |
| २ | श्री रकमादेवी मा.वी. | १२८६४४१ |
| ३ | रम्भा मा.वी. (भवन निर्माण) | ४६७३५४३ |
| ४ | रम्भा मा.वी. (कम्पाउण्ड वाल निर्माण) | ११७५६९६.२९ |
| ५ | रम्भा मा.वी. (शैक्षीक सामाग्री अनुदान) | ५०००००० |
| **जम्मा** | | **१७९०९३२९.२९** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७९,०९,३२९.२९ |

३६ **नाफामूलक संस्थालाई अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष पालिकाले महालक्ष्मी बहुउदेश्यीय सहकारी संस्था लिमिटेडको व्यवस्थापनका लागि डेक्सटप कम्प्यूटर खरिद बापत रु.५०००० अनुदान दिएको अनियमित रु.

| | |
|---|---|
| अनियमित भएको | ५०,००० |

३७ **मू.अ.कर दर्ता नभएकासँग कारोबार -** सार्वजनिक निकायले खरिद गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यवसायी वा फर्मबाट खरिद गर्नुपर्नेमा कार्यालयले यस आर्थिक वर्षमा कतिपय खरिद मूल्य अभिवृद्धी करमा दर्ता नभएकासँग समेत गरेको छ । सार्वजनिक निकायले मूल्य अभिवृद्धी करमा दर्ता भएकासँग मात्र कारोबार गर्ने व्यवस्था गर्नुपर्दछ । जसको उदाहरण निम्न रहेको छः

| भौचर नं./मिति | विवरण | फर्म/संस्थाको नाम | रकम (रु.) |
|---|---|---|---|
| ५०७-२०८०/२/१७ | विद्यालय व्यवस्थापन वापतको भुक्तानी अर्याल जनरल स्टोर्सको २४ वटा प्यान विलबाट भुक्तानी | कालिगण्डकी गुरुकुलम विद्यालय | ६००००० |

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

३८ **लेन्थवर्कर खर्च -** पालिकाले गाउँपालिकाको लसुने देखि ओमभन्ज्याङ्गसम्मको बाटो तथा नाली सरसफाई गर्नको लागि आर्थिक वर्षभर बुद्धि बल सिंजाली र खुम बहादुर नेपालीलाई दैनिक ज्यालादारीमा नियुक्त गरी मासिक भुक्तानी दिने गरेको देखियो । यसरी लेन्थवर्कर राख्दा वर्षाको वर्षा हुने, पहिरो जाने र बाटोमा झार उम्रने हुँदा वर्षायामको समयमा मात्र उपयुक्त हुने गर्दछ । यस सम्बन्धमा पालिकाले विशेष ध्यान दिनु पर्ने देखिन्छ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

३९ **घटी बहाल कर कट्टी -** पालिकामा सञ्चालन भएका निम्न आयोजनाहरुको अन्तिम विलको भुक्तानी दिँदा कट्टी गर्नु पर्ने बहाल कर बापतको रकम कट्टी छुट भएको तथा कम कट्टी गरेको लेखापरीक्षणबाट देखिएको छ । यसरी घटी कर कट्टी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नु पर्ने रु.

| गो.भौ.नं.-मिति | उपभोक्ता समितिको नाम | विवरण | कट्टी छुट/घटी कट्टी रकम |
|---|---|---|---|
| १२३-२०८०/१/७ | कालिका मन्दिर सार्वजनिक शौचालय तल्लो बगैचा निर्माण उ.स. | कालिका मन्दिर सार्वजनिक शौचालय तल्लो बगैचा निर्माण कार्य | ८४४ |
| २४५-२०८०/३/१७ | तल्लो झोकेदी सामुदायिक ट्रस भवन निर्माण उ.स. | तल्लो झोकेदी सामुदायिक ट्रस भवन निर्माण कार्य | १८०० |
| **जम्मा** | | | **२६४४** |

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | २,६४४ |

४० **कोटेशनबाट खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२५ लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एकै प्रकृतिका खरिद र एकै व्यवसायीबाट तोकिएको सीमाभन्दा बढीको खरिद गर्न नहुने व्यवस्थाको पालना नगरी पालिकाले विभिन्न मितिमा वर्षभर मसलन्द तथा कार्यालय समाग्री खरिद वापतको

रु.१६१५९३२ विभिन्न व्यवसायीलाई भुक्तानी दिएको छ । लेखापरीक्षणको क्रममा पालिकाले आफ्नो भण्डारशाखा वर्षभरीको लागि आवश्यक पर्ने मसलन्द तथा कार्यालय सामाग्री राख्नको लागि उपयुक्त नभएको कारण कोटेशनको माध्यमद्धारा आवश्यकता अनुसार खरिद गरेको जनाएको छ । खरिद ऐन, नियमले गरेको व्यवस्थाको पालना गरी सार्वजनिक खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

४१ **जनजाती सांस्कृतिक संग्रहालय निर्माण -** नेपाल सरकार, सस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको च.नं. २६०, मिति २०७७।११।०५ मा साझेदारी आयोजना अन्तर्गत नेपाल सरकारको ७४०००००.०० र यस रम्भा गाउँपालिकाको रु ३१०००००.०० सहित कुल रु १०५०००००.०० लगानीममा २०७८ फागुन मसान्त भित्र संग्रहालय निर्माण सम्पन्न गर्ने गरी पत्र पठाएको पाईयो । गाउँपालिकाले सोही पत्रको आधारमा सुचना प्रकाशन गरी कवोल रकम रु ११५१७३१३.२९ मा मिति २०७९।०२।०२ भित्र निर्माण सम्पन्न गर्ने गरी मिति २०७८।०२।०२ मा निर्माण व्यवसायी श्री कार्की ब्रदर्शसँग सम्झौता गरेको देखियो । निर्माण कार्य वापत गाउँपालिकाले हाल सम्म तेस्रो रनिङ्ग बिल सम्ममा रु ८२७६९८१.२८ भुक्तानी गरेको छ । निर्माण कार्यको लागी नेपाल सरकारबाट रु ७४०००००.०० अनुदान दिने गरी परिपत्र गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु १४२०८००.००, आर्थिक वर्ष २०७८।७९ मा रु ९३७२००.०० र आर्थिक वर्ष २०७९।८० मा रु ४८३६००.०० गरी हाल सम्म जम्मा रु २८४१६००.०० अनुदान रकम प्राप्त भएको पाईयो । बजेट अभावका कारण पटक पटक म्याद थप गरी हाल यस संग्रहालय निर्माणको अवधी मिति २०८० कार्तिक मसान्त सम्म पुऱ्याएको छ । संघीय सरकारबाट प्रतिवद्धता अनुसारको रकम प्राप्त नहुदा आयोजना निर्माणमा ढिलाई हुनुका साथै निर्माण कार्यको सम्झौता अनुसारको दायित्व रकमको भुक्तानी गर्न गाउँपालिकाको स्रोतमा भर पर्नु परेको अवस्था देखिन्छ । नेपाल सरकारले गाउँपालिकासँग गरेको प्रतिवद्धता अनुसारको रकम समयमै प्राप्त हुन सकेमा निर्माणाधिन सास्कृतिक संग्रहालयको निर्माण छिट्टै सम्पन्न हुने र आयोजना रुग्ण हुनबाट बच्ने हुदा यस तर्फ सरोकारवाला सबैको विषेश ध्यान जानु पर्ने देखिन्छ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

४२ **कट्टी नभएको -** पालिकाले घुर्चिस फाँट जाने कृषि सडक योजनाको भुक्तानीमा लागत अनुमानमा समावेश भएको सडक मर्मत कोष रु.१०००० समावेश भएकोमा भुक्तानीमा कट्टी गर्नु पर्नेमा सो नगरी उपभोक्ता समितिलाई भुक्तानी भएको छ । कट्टा गरी भुक्तानी दिनु पर्ने रकम उपभोक्ता समितिलाई भुक्तानी भएकोले सो रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नु पर्ने रु.

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | १०,००० |

४३ **रिमिघा पर्यटन प्रवर्दन -** यस गाउँपालिकाको रिमिघा पर्यटन प्रवर्द्धन कार्यका लागि गाउँपालिका र निर्माण उपभोक्ता समिति बिच रु.३२५८४२६.८९ को ठेक्का सम्झौता भएको छ । गाउँपालिकाले पर्यटन प्रवर्द्धन गर्न बाटोमा ढुङ्गा छापी ढलान गर्ने कार्य तथा बाटोमा लभ पार्क बनाउने कार्यको लागी उपभोक्ता समितीसँग सम्झौता गरेको पाईयो । निर्माण कार्यको स्टिमेटमा लभ पार्कको निर्माण गर्दा एउटा पिलरमा माथी पानको पातको आकारको संरचना मात्र निर्माण गरिएको र सो संरचनामा अन्य के-कस्तो संरचना थप हुने सम्बन्धमा कुनै अध्ययन गरेको पाईएन । साथै सोही पार्क भएर रिमिघा जाने बाटोमा निर्माण गरिएको ढलान युक्त बाटोमा ८०० मिटरको लम्बाई सम्म ढुङ्गा छाप्ने कार्य भएको छ भने केवल २०० मिटर मात्र ढलान भएको छ । ढलान नभएको क्षेत्रफलमा छापिएका ढुङ्गा सो स्थानबाट दायाँ वायाँ खस्न लागेको

अवस्थामा रहेका छन् । भिरालो स्थानमा ढुङ्गा छाप्ने कार्य गरी लामो समय छाड्दा सामान्य हिडडुलले समेत ढुङ्गा छापेको र खुट्किला बनाएको स्थानबाट झरिसकेको र ढलान गर्दा पुनः ढुङ्गा छाप्नु पर्ने अवस्था लेखापरीक्षणको समयमा स्थलगत अवलोकन गर्दा देखिएको छ । यसरी देहाय अनुसार गाउँपालिकालाई आर्थिक भार पर्ने गरी ढुङ्गा छापेर छाडेको खर्चले गाउँपालिकालाई थप व्ययभार पारेको रकम नियमसम्मत नदेखिएको रु.

| **उपभोक्ता समितिको नाम** | **विवरण** | **परिमाण** | **दर** | **रकम** |
|---|---|---|---|---|
| रिमिघा पर्यटन प्रवर्द्धन उ.स. | वाटोमा ढुङ्गा छाप्ने कार्य | २४० | ३७६७.५ | ९०४२०० |
| | वाटोमा ढुङ्गा छापी खुट्किला बनाउने कार्य | ४.४ | ३७६७.५ | १६५७७ |
| **जम्मा** | | | | **९२०७७७** |





| | |
|---|---|
| अनियमित भएको | ९,२०,७७७ |

४४ **स्टिमेट गरिएका अन्यकाम घटाएर एउटा मात्र काम गराएको -** निर्माण कार्यको लागि खरिद सम्झौता गर्दा सम्झौताको वि.ओ.क्यू. मा व्यवस्था गरिए अनुसार निर्माण गर्नु पर्दछ र सो परिमाणमा तोकिएको भन्दा थप परिमाण गर्नु परेमा वा घटाउनु पर्ने भएमा प्राविधिक पुस्ट्याईका आधारमा घटाएको कामले सो निर्माण कार्यको कार्य सम्पादनमा कुनै असर नहुने व्यहोरा पुष्टी गरेर अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराएर मात्र तोकिएको परिमाणमा थपघट गर्नु पर्दछ । यस गाउँपालिकाले देउराली ओम भञ्याङ्ग सुरुमडाडा मस्लाङ्ग मोटरबाटो स्तरोन्नती कार्यको लागि उपभोक्ता समितिबाट निर्माण कार्य गारएको पाईयो । निर्माण कार्यको सम्झौता गर्दा कजवे निर्माण कार्य गर्ने तथा अन्य विभिन्न स्थानमा संरचना निर्माण का साथै ह्युमपाईप राख्ने गरी सम्झौता गरेकोमा निर्माण कार्य गर्दा कजवे निर्माण नै गरेको पाईएन भने अन्य संरचा समेत स्टिमेट भन्दा धेरै मात्रामा फरक पर्ने गरी घटाएको पाईयो । निर्माण उपभोक्ता समितिले ढुङ्गाको मेसोनरी वाल लगाउने कार्य स्टिमेट गरेको भन्दा झण्डै ९१ घन मिटर बढी हुने गरी निर्माण गरेको पाईयो । यसरी परिमाण थप गर्दा प्राविधक पुस्ट्याई हुने गरी गर्नु पर्नेमा सो पुस्ट्याई समेत देखिएन । गाउँपालिकाले देहाय अनुसार सुरु सम्झौतामा राखिएका परिमाण भन्दा फरक हुने गरी देहाय अनुसार निर्माण कार्य गरेको पाईयो ।

| सि.नं. | कामको विवरण | ईस्टिमेट परिमाण | काम भएको परिमाण | फरक परिमाण | दर | रकम |
|---|---|---|---|---|---|---|
| | स्टिमेट भन्दा घटी गरेर भएको निर्माण कार्य | | | | | |
| १ | ढुङ्गाको सोलिङ्ग | ६१.८२ | २२.३४ | ३९.४८ | ३७६४.५ | १४८६२२.४६ |
| २ | पि.सि.सि. १:३:६ | ३२.६१ | ११.३७ | २१.२४ | १०६३७.६९ | २२५९४४.५४ |
| ३ | पि.सि.सि. १:२:४ | १३.८३ | ३.०५ | १०.७८ | १२७१६.०७ | १३७०७९.२३ |
| ४ | कजवे पि.सि.सि. १:२:४ | ९.९८ | ० | ९.९८ | १३८७५.४२ | १३८४७६.६९ |
| ५ | कजवेको लागि डण्डी | ७८३.०४ | ० | ७८३.०४ | १३१.४५ | १०२९३०.६१ |
| ६ | फर्माको काम | २४.६५ | ० | २४.६५ | २११.१७ | ५२०५.३४ |
| ७ | ह्युम पाईप ३० mm | २० | १५ | ५ | ४४०५.८७ | २२०२९.३५ |
| ८ | ह्युम पाईप ४५ mm | १२.५ | ० | १२.५ | ६४५५.६९ | ८०६९६.१३ |
| ९ | ह्युम पाईप ६० mm | १२.५ | ० | १२.५ | ८६५९.१९ | १०८२३९.८८ |
| जम्मा | | | | | | ९६९२२४.२२ |
| | स्टीमेट भन्दा बढाईएको काम | | | | | |
| १ | ढुङ्गाको वाल १:६ | २४५.८ | ३३६.८८ | ९१.०८ | ९७८७.१४ | ८९१४१२.७१ |
| जम्मा | | | | | | ८९१४१२.७१ |

उल्लेखित टेवलमा देखाए अनुसार गाउँपालकाले निर्माण उपभोक्ता समितिबाट रु ९६९२२४.२२ को रकम बराबरको निर्माण कार्य स्टिमेट भन्दा घटाएर गराएको छ भने ढुङ्गाको मेसोनरी वाल रु ८९१४१२.२७ रकम बराबरको निर्माण कार्य प्राविधिक पुस्ट्याई बिना नै बढाएर गराएको छ । यसरी प्राविधिक पुस्ट्याई बिना नै थप घट गरी गरेको कार्य खरिद सम्झौता र सार्वजनिक खरिद ऐन तथा नियमावलीको विपरित देखिन्छ । सम्झौताको वि.ओ.क्यू. मा व्यवस्था गरिए भन्दा सबै निर्माण कार्य घटाई एउटा मात्र ढुङ्गाको मेसोनरी वाल लगाउने कार्य गरेकोमा तोकिएको स्थान र परिमाण भन्दा फरक स्थानमा हुनेगरी यसरी लागाईएको संरचना वापतको भुक्तानी रु. ८९१४१२.२७ नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८,९१,४१२ |

४५ **खरिद गरेको भन्दा बढी मात्रामा ईट्टाको प्रयोग -** वडा नं २ को वडा कार्यालय भवन निर्माण गर्न निर्माण उपभोक्ता समितिले ५५०० वटा ईट्टा खरिद गरेर ल्याएको कर बिजक संलग्न गरेको देखियो । निर्माण कार्य वापतको विलमा ८००० वटा ईट्टा प्रयोग गरेको भनी प्रति ईट्टा रु.३.४३ का दरले निज निर्माण उपभोक्ता समिती लाई भुक्तानी गरेको छ । उपभोक्ता समितिले खरिद गरी ढुवानी गरेको ईट्टाको संख्या भन्दा बढी हुन गरी भुक्तानी गरेको हुदा खरिद गरेको ५५०० वटा ईट्टा र बिलमा राखी भुक्तानी गरेको ८००० वटा ईट्टा बिचको फरक २५०० वटा ईट्टाको प्रति ईट्टा रु.३.४३ का दरले हुने रु ८५७५.०० बढी भुक्तानी गरेको हुदा सो बढी भुक्तानी गरेको रकम असुल गरी दाखिला हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,५७५ |

४६ **पहुँचमार्गको रिटेनिङ्ग वालमा क्षती -** अगाँ खोलाबाट गाउँ कार्यपालिकाको कार्यलय जाने पहुँच मार्ग निर्माणको लागि श्री बैठार निर्माण तथा ढुवानी सेवा सँग २०७९/०९/२२ मा मूल्य अभिवृद्धि करसमेत रु. ४९९९७४०.७४ मा सम्झौता गरेको छ । सो ठेक्कामा रनिङ्ग बिल वापत रु.२०,३८,९१०.०० खर्च लेखेको छ । सडकको डिजाइन र सपेसिफिकेशन अनुसार निर्माण व्यवसायीले निर्माण गर्नुपर्दछ । गाउँपालिका पहुँचमार्गको निर्माण गर्ने निर्माण व्यवसायी श्री बैठार निर्माण तथा ढुवानी सेवाले सो पहुँचमार्गमा निर्माण गरेको रिटेनिङ्ग वालको क्षेत्रफलमा ग्राभल भर्ने तथा सो को कम्प्याक्सन गर्ने कार्य निर्माण गर्ने समयमा नगर्दा हाल सो स्थानमा सडक धसेको अवस्थामा छ । निर्माण व्यवसायीलाई कार्यादिश दिएको काम निर्माणको अन्तीम चरणमा रहेको अवस्थामा सो स्थानको पुनः निर्माण नगरी कार्य स्वीकार गर्नु सकिने अवस्था देखिदैन । यसबाट सडको Load Bearing Capacity मा असर पर्ने हुँदा प्राबिधिक जाँच गरी सो गलत निर्माणलाई स्पेशिफिकेशन बमोजिम सुधार गरेर मात्र निर्माण कार्य अगाडि बढाउन र गलत निर्माण सुधार पश्चात मात्र खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ । साथै सडकको मोडमा सो सडकको चौडाई भन्दा घटी चौडाईको ह्युमपाईप राखी ह्युमपाईपको पानी निकास हुने स्थानमा यु आकारको Down Stream Approaching Structure लगाएर झनै सडको चौडाई घटाईएको छ । बढी चौडाई भएको बाटोलाई मोडमै घटी चौडाईको ह्युम पाईप राखेकोले सडक साघुरो हुन गएको छ । सो स्थानमा सडकको चौडाई अनुसारको ह्युम पाईप राखी ह्युम पाईपको पानी निकास हुने स्थानमा यु आकारमा लगाईएकव रिटेनिङ्ग वाल सिधा हुने गरी लगाईको अवस्थामा सो स्थानमा दुईटनाको सम्भावना कम हुने र आवत जावत समेत सहज हुने हुदा यस सडकको निर्माणमा संलग्न प्राविधिकलाई जिम्मेवार वनाई सो स्थानमा सुधार गर्नु पर्ने देखिन्छ ।



सैद्धान्तिक बेरुजु

४७ **सम्झौता मिति र सम्पन्न मितिमा भिन्नता -** सार्वजनिक निकायले खरिद सम्झौता गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले स्वीकृत गरेको विड डकुमेन्टमा रहेको फर्मेट अनुसार सम्झौता गर्नु पर्ने र सो सम्झौता पत्रमा स्पष्ट रुपमा सम्झौता मिति र सम्पन्न मिति उल्लेख गर्नु पर्दछ । यस गाउँपालिकाले खरिद सम्झौता गरी कार्यान्वयन गरेका विभिन्न निर्माण सँग सम्बन्धित सम्झौता पत्रमा सम्झौता मिति नै दुईवटा राखिएको र सम्पन्न मिति समेत सम्झौताको मुख्य भागमा एउटा मिति र सम्झौताको SCC मा अर्को मिति राखेको पाईयो । एउटै सम्झौता पत्रमा सम्झौता मिति दुईवटा र सम्पन्न मिति दुई वटा रखी सम्झौता गर्दा वास्तविक मिति कुनलाई मान्ने सो मा दुविधा भएको छ । यसरी सम्झौता गरिएका र मिति फरक राखिएका केही सम्झौताका उदाहरणहरु देहाय अनुसार रहेका छन । साथै आगामी दिनमा सम्झौता मिति र सम्पन्न मितिमा दुविधा नहुने गरी सम्झौता गर्ने तर्फ कार्यालयले ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

| **सम्पन्न मिति फरक परेको** | | | |
|---|---|---|---|
| सि.नं. | कामको विवरण | सम्झौता पत्रमा भएको कार्य सम्पन्न मिति | सम्झौताको SCC मा कार्य सम्पन्न भएको मिति |
| १ | गाउँपालिका पहुच मार्ग | २०८०।०३।२० | २०८०।०२।३० |
| २ | कालीगण्डकी गुरुकुलम तथा आयुर्वेदिक | २०८०।०३।२० | २०८०।०३।२५ |
| **सम्झौता मिति फरक परेको** | | | |

| सि.नं. | कामको विवरण | सम्झौताको मुख्य भागमा भएको मिति | सम्झौता पत्रको अर्को भागमा भएको मिति |
|---|---|---|---|
| १ | कालीगण्डकी गुरुकुलम तथा आयुर्वेदिक | २०७९।०७।२३ | २०७९।०९।२४ |
| २ | श्री रम्भा मा.वी. | २०७९।०७।२३ | २०७९।०९।२४ |

| सैद्धान्तिक बेरुजु |
|---|

४८ **कर कट्टि नभएको -** आयकर ऐनको दफा ८९(१) मा बासिन्दा व्यक्तीले ठेक्का वा करार वापत पचास हजार भन्दा बढिको रकम भुक्तानी दिन भुक्तानीको कुल रकममा १.५ प्रतिशतका दरले कर कट्टि गर्नु पर्ने व्यवस्था गरेको छ । ठेक्का नं २०७९।८०-०२ रम्भा मा.वी. को होस्टेल भवन निर्माण वापत निर्माण व्यवसायी श्री झिम्रुक कन्सट्रक्सनले पेश गरेको रु ८४६१२.९० (मु.अ. कर समेत) पिएसको भुक्तानीमा १.५ प्रतिशतका दरले अग्रिम आयकर रु ११२३.१८ कट्टि गरि भुक्तानी गर्नु पर्ने मा सो कट्टि नगरि भुक्तानी गरेको अग्रीम कर वापत हुने रकम असुल गरि दाखिला हुनु पर्ने रु.

| असुल गर्नुपर्ने | ११,२३२ |
|---|---|

४९ **पिएस रकम बढी भुक्तानी -** प्रोभिजनल सम वापतको भुक्तानी गर्दा निर्माण व्यवसायीले प्रोभिजनल सममा राखिएको कार्य गर्न वास्तविक तिरेको रकमको बिलको आधारमा भुक्तानी गर्नु पर्दछ । ठेक्का नं. २०७९/८०-०६ जनप्रिय आधारभूत विद्यालयको दुई कोठे भवन निर्माण वापत निर्माण व्यवसायी श्री पञ्चपुत्र कन्स्ट्रक्सन प्रा.लि.ले ल्याब टेस्ट गराए वापत रु.१७४९१.९० को बिल पेस गरेकोमा सम्झौतामा सो कार्य वापत भुक्तानी गर्न रु १५०००.०० मात्र राखिएको हुदा विनियोजन गरेको भन्दा बढी हुने गरी भुक्तानी भएको रु.२४९१.९१ असुल गरी दाखिला हुनु पर्ने रु.

| असुल गर्नुपर्ने | २,४९१ |
|---|---|

५० **सहदीखोला रानीबास किटेनी तल्लो झोकेदी सडक निर्माण -** सहदीखोला रानीबास किटेनी तल्लो झोकेदी सडक निर्माणको लागि श्री रिमिघा निर्माण सेवा प्रा.ली. सँग २०८०/०१/२५ मा मूल्य अभिवृद्धि करसमेत रु.३९८८२६३.९२ मा सम्झौता गरेको छ । सो ठेक्कामा रनिङ्ग बिल वापत रु.३२,५२,२४९.५५ खर्च लेखेको छ । सो ठेक्का सम्बन्धी देखिएका बेहोरा निम्नानुसार छन् ।

५०.१ **बढी भुक्तानी -** कार्यालयले निर्मित संरचनाको भुक्तानी गर्दा सो कार्यकोलागि स्वीकृत भएको नर्म्सको आधारमा तयार पारिएको Estimate अनुसार भुक्तानी गर्नु पर्दछ । निर्माण कार्यको जगमा ढुंगा सोलिङ्ग गर्ने कार्यको लागि सोलिङ्गको उचाई ०.१५ मिटर हुने गरी सडक विभाग तथा भवन विभागले स्पेसिफिकेसन स्वीकृत गराएको छ । यस कार्यालयले दोस्रो रनिङ्ग बिलको भुक्तानी गर्दा नापि कितावमा Dry stone Soling कार्यमा सोको उचाई १ मिटर राखी भुक्तानी गरेको पाईयो । यसरी स्वीकृत नर्म्स भन्दा बढीको उचाई राखी आएको परिमाण ३.७५ घ.मी. बाट उचाई ०.१५ मी. ले हुने वास्तविक परिमाण ०.६ घ.मी. घटाउदा हुने फरक परिमाण ३.१५ घ.मी. को प्रति घनमिटर रु ४००० ले हुने रु १२६००.००

को मुल्य अभिबृद्धि कर समेतको रु १४२८३.०० बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गरी दाखिला हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,२८३ |

५०.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क (३) अनुसार पेश्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको बैंक खाता मार्फत मात्र भुक्तानी हुने र दफा ५२क (५) अनुसार पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गरी निर्माण व्यवसायीले कार्यालयलाई उपलब्ध गराउनुपर्ने व्यवस्थाको छ । कार्यालयले निर्माण व्यवसायीलाई यस आर्थिक वर्षमा कुनै पेश्की रकम भुक्तानी गरेको नभए तापनि निर्माण व्यवसायीलाई सम्झौता रकम अनुसारको निर्माणको पेश्की भुक्तानी गर्दा यस नियमावलीको पालना हुने गरी पेश्की दिनु पर्दछ । सो व्यवस्थाको पालना गरी पेश्की भुक्तानी गरेमा र निर्माण व्यवसायीले सो रकम अन्यत्र प्रयोग गरेको भए सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६) अनुसार ब्याजसमेत लगाई पेश्की फर्छ्यौट गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५१ **शर्त सहितको बैंक जमानत -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) बमोजिम सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(१) अनुसार कार्य सम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था छ । बैंक जमानत प्राप्त गर्दा कार्यालयले सो जमानत विड डकुमेन्टमा उल्लेख भएको फर्मेट अनुसारको रहे नरहेको र सो जमानतमा कुनै शर्त रहे नरहेको निक्यौंल गरेर मात्र लिनु पर्ने हुन्छ । शर्त सहितको कार्य सम्पादन जमानत तथा पेश्की जमानतका आधारमा सो जमानतको दावी माग गर्दा त्यस्तो जमानत जारी गर्ने बैंक तथा वित्तीय संस्थाले सो जमानतमा राखेको त्यहि शर्तका आधारमा दावी दिन नमिल्ने व्यहोरा सहित जानकी दिने गरेको देखिन्छ । पालिकाले देहायका ठेक्काहरुमा सम्झौताका बखत पेस गरेका कार्यसम्पादन जमानत र पेश्की भुक्तानी गर्दा पेस गरेका पेश्की जमानतमा सर्त सहितको जमानत लिएकोमा लेखापरीक्षण अवधीमा सर्त रहितको जमानत पेश भएको छ । आगामी दिनमा कार्यालयले सर्त रहित जमानत लिई कार्य गर्नु पर्दछ ।

| **सि.नं.** | **ठेक्का नं** | **निर्माण व्यवसायी** | **जमानत** | **रकम** | **सर्त** |
|---|---|---|---|---|---|
| १ | २०७९/८०-०६ | पञ्चपुत्र कन्सट्रक्सन | कार्य सम्पादन | २९१४९२.३३ | notwithstanding anything stated above ………….. |
| २ | २०७९/८०-०८ | प्रकाश निर्माण सेवा | कार्य सम्पादन | ८६९७०९.६१ | |
| **जम्मा** | | | | **११६१२०१.९४** | |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५२ **पुर्व निर्धारित क्षतिपुर्ती -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा आपुर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढीलाईको कारण खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यमदमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधाहरणतया प्रति दिन सम्झौता रकमको शन्य दशमलव शुन्य पाँच प्रतिशत पुर्व निर्धारित क्षतिपुर्ति तिर्नु पर्ने उल्लेख छ । गाउँपालिकाले सम्भादेवी पर्यटन प्रवर्द्धन कार्यको लागि निर्माण व्यवसायी श्री आयुसा एण्ड सायरा कन्सट्रक्सन प्रा.ली. संग ९० दिनमा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७९।१२।०३ मा सम्झौता गरेको पाईयो । सम्झौता मिति अनुसार निर्माण व्यवसायीले २०७९।१२।०३ भित्र निर्माण कार्य सम्पन्न गरी सक्नु पर्ने देखिन्छ । निर्माण व्यवसायीले पेश गरेको अन्तिम रनिङ्ग बिलको अन्तिम नापी किताव मिति २०७९।१२।१३ अनुसार सो निर्माण कार्य तोकिएको मिति भन्दा १० दिन ढीलो हुने गरी सम्पन्न भएको देखिन्छ । तोकिएको समयमा निर्माण सम्पन्न हुन नसकेको देखिदा सम्झौता रकम रु १७०७१७९.३९ (मुल्य अभिवृद्धि कर वाहेक) को प्रति दिन शुन्य दशमलव शुन्य पाँच प्रतिशतले हुने रु ८५३.६० का दरले दश दिनको हुने रु ८५३६.०० सम्बन्धीत बाट असुल हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,५३६ |

५३ **सामाजिक सुरक्षातर्फः**

५३.१ **सामाजिक सुरक्षा सम्बन्धमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को परीपालना सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्ः**

**(क) लगत कट्टाको अभिलेखः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९/८० मा लगत कट्टा गरेको विवरण र मृत्यु दर्ताको अभिलेख अद्यावधिक गरेको छैन । जसले गर्दा लगत कट्टा गर्नुपर्ने लाभग्राहीलाई समेत भत्ता भुक्तानी हुन जान्छ । पालिकाले कार्यविधि अनुसार लगत कट्टा गरी अभिलेख अद्यावधिक गर्नु पर्दछ ।

**(ख) पारदर्शिताः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा पालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको छैन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

**(ग) नवीकरणः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७७ को दफा ४ मा पालिकाले प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरीरहेका लाभग्राहीको नवीकरण नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको

कार्तिक मसान्तभित्र अनिवार्य रुपमा प्रणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले केही लाभग्राहीको नवीकरण गरेको पाइएन । नवीकरण नभएको लाभग्राहीको नवीकरण गर्नु तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

**(घ) सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३४ (१) मा स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्नेछ । ३४(२) मा उपदफा १ बमोजिम गरिएको सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्य स्थानीय तहले आफुले सक्ने विषय सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासा तथा सुझाव सम्बोधनका लागि स्थानीय तह प्रदेश सरकार वा नेपाल सरकारको सम्बन्धित निकायमा पठाउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो गरेको छैन ।

**(ङ) अनुगमन तथा निरीक्षणः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाबाट उक्त कार्य भएको नदेखिएकले कार्यविधिको व्यवस्था कार्यान्वयनमा पालिकाले ध्यान दिनुपर्दछ ।

**(च) निस्कृय खाताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को अनुसुची १० मा स्थानीय तह र बैंकवीच हुने सम्झौतापत्रको सि.नं.९ मा सामाजिक सुरक्षा विशेष खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्य निस्कृय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने उल्लेख छ । तर बैंकले निश्क्रिय खाताको विवरण तोकिएको अवधिमा सम्बन्धित पालिकालाई उपलब्ध गराएको देखिएन । पालिकाले समयमै यस्ता निश्क्रिय खाता र सो खाताहरुमा रहेको रकमहरुको विवरण बैंक सँग माग गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५३.२ **दोहोरो नागरिकता नम्बरः** पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणको लागि तयार गरेको विवरणमा एकै नागरिकता नम्बर भएको दुई व्यक्तिलाई एकै वडामा सामाजिक सुरक्षा भत्ता विवरण गरेको विवरणबाट देखिएको छ । सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीमा विवरण भर्दा एकिन गरेर मात्र विवरण भर्ने तर्फ सम्बन्धित शाखाले ध्यान दिनु पर्दछ । यसका केही उदाहरणहरू निम्नानुसार रहेका छन्:

| सि.नं. | लाभग्राहीको किसिम | वडा नं. | लाभग्राहीको नाम | नागरिकता नम्बर |
|---|---|---|---|---|
| १ | विधुवा | २ | रिमिसरा थापा | ३९१०३८ |
| २ | विधुवा | २ | दान कुमारी सिङ्जाली | ३९१०३८ |
| ३ | विधुवा | २ | मन कुमारी कामी | ३९१०३८ |
| ४ | अपाङ्ग | २ | निर माया राणा | ३९१०३८ |

| | | | | |
|---|---|---|---|---|
| ५ | दलित जेष्ठ नागरिक | २ | फुलमाया विश्वकर्मा | ३९३०३८ |
| ६ | विधुवा | २ | दिल माया सुनारी मगर | ३९३०३८ |
| ७ | विधुवा | २ | गङ्गी सारा लामिछाने | ३९३०३८ |
| ८ | विधुवा | २ | घेउ कुमारी विश्वकर्मा | ३९३०३८ |
| ९ | विधुवा | २ | मणि सारा सिंजाली | ३९३०३८ |
| १० | विधुवा | २ | नानुमाया थापा मगर | ३९३०३८ |
| ११ | विधुवा | २ | नारी सारा राणा | ३९३०३८ |
| १२ | विधुवा | २ | पोमाया बरघरे थापा | ३९३०३८ |
| १३ | विधुवा | २ | रुमिसार सोमाई | ३९३०३८ |
| १४ | विधुवा | २ | सीता गाहा | ३९३०३८ |
| १५ | विधुवा | २ | तिल कुमारी सिंजाली | ३९३०३८ |
| १६ | विधुवा | २ | कुल बहादुर सारु | ३९३०३८ |
| १७ | अपाङ्ग | २ | तोमी सरा सुनाइ | ३९३०३८ |

सैद्धान्तिक बेरुजु

५४ **हेफर प्रोजेक्ट नेपाल**- रम्भा गाउँपालिकाले हेफर प्रोजेक्ट नेपाल नामक गैरसरकारी संस्थासँग देहायका उद्धेश्य राखी २०८० आषाढ १६ सम्म कार्यान्वयन अवधि रहेको “रम्भा कृषि तथा पशु उद्यमशीलता विकास परियोजना” संचालन गर्न कुल बजेट रु.४६०००००००.०० को ७५ प्रतिशत रकम रु. ३४५००००००.०० गाउँपालिकाले बेहोर्ने गरी मिति २०७७ फागुन २९ गते सम्झौता गरेको पाइयो ।

• आबद्ध लाभग्राहीलाई स्वावलम्बी समूहहरू तथा सहकारीमा आबद्ध गर्दै सामाजिक पूँजीको अभिवृद्धि गर्नु,

• व्यावसायिक कृषि तथा तरकारी उपजहरूको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गर्नु तथा बजार व्यवस्थापनमा सुधार गर्नु,

• सुधारिएको बाख्रा तथा डेरी व्यवस्थापन र उन्नत प्रविधिहरूको अनुशरणबाट बाख्राको उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि र बजार व्यवस्थापनमा सुधार गर्नु,

• बाख्रा विषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण सृजना गर्नु रहेको ।

सो परियोजना व्यवस्थापनको नेतृत्व र कार्यान्वयनको जिम्मेवारी हेफर प्रोजेक्ट नेपालको रहने र हेफर प्रोजेक्ट नेपालले परियोजना साझेदार संस्था अर्थात गाउँपालिकाको क्षमता विकास गर्ने र अझ सम्पादित गुणस्तरको सुनिश्चित्ता गर्ने गरी सम्झौता गरी कार्य गरेकोमा गाउँपालिकाले सो परियोजनाका नाममा यस वर्षको बजेट खर्च रु.७९९९९८३ समेत २०७९/८० को अन्तसम्म कुल खर्च रु.२५३४४३५५ लेखेको छ । परियोजनाको सम्झौता, सोको कार्यान्वयनको व्यवस्था र कार्य संचालन गरेको विधि र प्रकृया स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिपालना नभएको र परियोजनामा उल्लिखित कार्यक्रमसँग बेमेल हुने गरी समेत खर्च गरेको बेहोरा देहायमा उल्लेख छ ।

---

५४.१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७४ अनुसार गाउँपालिका तथा गाउँपालिकाले सार्वजनिक खरिद गर्नुपर्दा संघीय सार्वजनिक खरिद ऐनबमोजिम गर्नुपर्ने उल्लेख छ। सो परियोजनाका लागि हेफर प्रोजेक्ट नेपाललाई उपलब्ध गराएको बजेट र सोबाट गरिएका खर्च सार्वजनिक खरिद ऐन, २०६३ र सोको नियमावली, २०६४ बमोजिम हुने गरी निर्धारण र कार्यान्वयन गराएको पाइएन । साथै, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउने उल्लेख गरे तापनि गाउँपालिकाको स्रोतको परिचालन र खर्च गर्न गैरसरकारी संस्था हेफर प्रोजेक्ट नेपाललाई दिँदा सो अनुसार गरेको पाइएन ।यसले गर्दा यो वर्ष खर्च लेखेको रु.७९९९९८३ मध्ये निर्माण कार्य, वस्तु वा सेवामा लागेको खर्चको खरिद कार्य प्रतिष्पर्धी, स्वच्छ, मितव्ययी र विवेकपूर्ण ढंगबाट अधिकतम प्रतिफल हासिल हुने गरी गरेको भनि यकिन गर्न सकिएन । साथै, सोही ऐनको दफा ७३(३) बमोजिम प्रचलित कानूनबमोजिम खर्च गर्ने, लेखा राख्ने र राख्न लगाउने उत्तरदायित्व अख्तियार प्राप्त अधिकारीको हुने व्यवस्थाको पनि पालना गरेको नदेखिदा तथा संघीय खरिद ऐनबमोजिम खरिद गुरू योजना र वार्षिक खरिद योजना नबनाई परियोजनाका लागि ऐनबमोजिमको प्रकृया नअपनाई हेफर प्रोजेक्ट नेपालमार्फत् गरिएको खरिद कार्य नियमित, मितव्ययी र दक्षतापूर्ण रहेको भन्ने आधार पाइएन ।सो सम्बन्धमा जिन्सी दाखिलासहित खरिद कार्य मितव्ययी र नियमित रहेको पुष्टयाई पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

---

५४.२ आयोजना वा कार्यक्रमका लागि बजेट प्रस्ताव गर्दा बढी प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका आयोजना तथा कार्यक्रमको प्रस्ताव गर्नुपर्दछ। प्रतिफल उच्च रहने मानिएका आयोजना तथा कार्यक्रमका मुख्य विषय र क्षेत्रमा कुल अनुमानित बजेटको बढी हिस्सा र सोको संचालनार्थ बजेटको कम हिस्सा खर्च हुने गरी बजेट तय गर्नुपर्दछ । सम्झौताबमोजिम निम्नानुसार पशु र कृषि उद्यमशीलताका ३ क्षेत्र पशु खरिद तथा ढुवानी, बागवानी तथा ढुवानी, तथा कृषि सामाग्री र यन्त्रका लागि अनुमानित लागत रु. ४ करोड ६० लाखको ५७.३८ प्रतिशतले रु. २ करोड ६३ लाख ९४ हजार तथा ती मुख्य कृयाकलाप परिचालनका लागि भने तालिम, भ्रमण, तलब, प्राविधिक सेवालगायतमा अनुमानित लागतको ४२.६२ प्रतिशतले रु. १ करोड ९६ लाख ०६ हजारको सम्झौता गरेको छ ।

| क्र.सं. | बजेट शीर्षक र कार्यक्रम | अनुमानित बजेट रु. ('000) | बजेट प्रतिशत |
|---|---|---|---|
| | **उद्यमशिलता कार्यक्रमको प्रत्यक्ष लागत** | | |
| १ | पशु खरिद तथा ढुवानी | १०४९९ | २२.८२ |
| २ | बागवानी तथा ढुवानी | ७२५० | १५.७६ |
| ३ | कृषि सामाग्री तथा यन्त्र | ८६४५ | १८.७९ |
| | **जम्मा (क)** | **२६३९४** | **५७.३८** |
| | **कार्यक्रम संचालन खर्च** | | |
| ४ | भ्रमण | १९३२ | ४.२ |
| ५ | तालिम | ६८६० | १४.९१ |
| ६ | प्राविधिक सेवा तथा मुल्यांकन | ३६२३ | ७.८८ |
| ७ | तलब तथा सुविधा | ६०१८ | १३.०८ |
| ८ | कार्यक्रम खर्च | ११७२ | २.५५ |
| | **जम्मा (ख)** | **१९६०६** | ४२.६२ |
| ९ | **कुल अनुमानित लागत (क+ख)** | ४६००० | १०० |

गाउँपालिका मातहत नै आफ्ना योजना तथा कार्यक्रम सञ्चालनका लागि कृषि, पशु, प्राविधिक, लेखालगायतका विषयगत क्षेत्र हेर्ने सांगठानिक शाखाहरू र जनशक्ति रहेको अवस्थामा गाउँपालिका आफैले सो परियोजना संचालन गर्न सक्ने ज्ञान, सीप र क्षमताको विश्लेषण र मुल्यांकन नै नगरी सो कार्य गैरसरकारी संस्थाबाट गराउनु जवाफदेहिपूर्ण र औचित्यपूर्ण रहेको पुष्टि हुँदैन । कृषि र पशुका लागि कुल बजेटको ५७.३८ प्रतिशत र सो कार्यक्रम परिचालनका लागि ४२.६२ प्रतिशत बजेट राख्नाले अधिकांश बजेट मुल कार्यक्रमका लागि पुँजी निर्माण गर्ने भन्दा सालबसाली खर्चमा प्रयोग हुने देखिन्छ । हेफर प्रोजेक्टले सो परियोजनाका लागि २५ प्रतिशत खर्च बेहोर्ने उल्लेख गरे तापनि ती खर्च कार्यक्रम संचालनसँग सम्बन्धित रहेको र संचालन खर्चको सीमा उसैको नियन्त्रणमा रहनाले सो खर्चको मितव्ययिता र दक्षता विश्लेषण गर्न सकिएन । गाउँपालिका आफैले सो कार्यक्रम कार्यान्वयन गरेको भए सोका लागि गाउँपालिकाका जनशक्तिका लागि तलब, प्राविधिक सेवा तथा मुल्यांकनसमेतका लागि थप लागत नपर्ने अवस्थाले लागत साझेदारीको उपादेयता अपेक्षित रहेको छैन ।यो वर्षसम्म गाउँपालिकाले उद्यमशीलता परियोजनाका लागि हेफर प्रोजेक्ट नेपाललाई रु.२५३४४३५५.०० भुक्तानी गरेकोमा सम्झौतामा विस्तृत कृयाकलापगत बजेट उल्लेख नगर्नाले सो खर्चको विश्लेषण गर्न सकिने अवस्था रहेको पाइएन । लक्षित

कार्यक्रम भन्दा संचालन लागत बढी हुने गरी यस्ता परियोजनामा लागत स्वीकृत गर्ने र सम्झौता गर्नेलाई जिम्मेवार बनाई संभाव्यता र विस्तृत अध्ययन बेगरका यस्ता परियोजना संचालन गर्ने परिपाटी बन्द गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५४.३ सार्वजनिक निकायले निर्माण कार्य गर्दा, वस्तु वा सेवा खरिद गर्दा तथा कार्यक्रम संचालन गर्दा आफैले सो कार्य गर्न क्षमताको अभाव भएमा कानूनबमोजिम बाह्य पक्षबाट सो कार्य गराउँदा सक्षम पक्षको छनौट गरी सम्झौता गरिएको भन्दा अन्यबाट सो कार्य गर्न गराउन स्वीकृति दिन मिल्दैन । गाउँपालिकाले कृषि तथा पशु उद्यमशीलता विकास परियोजनाको व्यवस्थापन र संचालनका लागि सम्झौताका आधारमा रकम उपलब्ध गराए तापनि हेफर प्रोजेक्टले सो परियोजनाको कार्यान्वयन सम्पूर्ण रूपमा स्थानीय गैरसरकारी संस्था इन्द्रेणी समाज केन्द्र नेपालमार्फत गराएको छ । पहिलो पक्षको गाउँपालिकाले दोस्रो पक्ष रहेको हेफर प्रोजेक्ट नेपालसँग सम्झौता गरे तापनि आवश्यकता र सक्षमताको परीक्षण बेगर नै परियोजनाको कार्यान्वयन अन्य गैरसरकारी संस्थाले गर्न सहमति दिने र स्वीकार गर्ने, कार्यान्वयन गर्ने गराउने कार्य जवाफदेहिपूर्ण, औचित्यपूर्ण र विधिसम्मत् देखिएन ।

सैद्धान्तिक बेरुजु

५४.४ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ अनुसार स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्यिन गर्नुपर्ने व्यवस्था छ। यस परियोजना वा कार्यक्रमका संभाव्यता अध्ययन, जोखिम, आन्तरिक नियन्त्रण, कृयाकलापगत विस्तृत गतिविधि (कृषि, पशु र बागवानीका खरिदका परिमाण, दर र रकम तथा ढुवानी) र प्रतिफलको लेखाजोखा नगरी परियोजना स्वीकृत गरेको छ । परियोजनामा लाग्ने कार्यक्रमगत खर्चको भार गाउँपालिकाले बेहोर्ने भए तापनि सोको व्यवस्थापन र कार्यान्वयनको जिम्मेवारी गैरसरकारी संस्थालाई दिने कार्य सार्वजनिक खरिद तथा आर्थिक कार्यविधि कानूनबमोजिम रहेको पाइएन । आर्थिक कार्यविधि तथा सार्वजनिक खरिद कानूनको पालना र जवाफदेहिताको सुनिश्चितता हुने गरी गैरसरकारी संस्थामार्फत् सार्वजनिक श्रोत खर्च गर्न गराउन आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था नगरी र कार्यालयका सम्बन्धित अधिकारीको संलग्नता बेगर गरेको खर्च नियमसम्मत् रहेको भनि यकिन गर्न सकिएन । सम्झौतामा नरहेको खोर निर्माण जस्ता प्राविधिक कार्य गर्न हेफर प्रोजेक्ट नेपाल र इन्द्रेणी समाज नेपालसँग सम्बन्धित जनशक्ति नरहेको अवस्थामा पनि सो कार्य गराएको पाइयो । सार्वजनिक खरिद र आर्थिक कार्यविधि कानूनसँग अमिल्दो हुने गरी सम्झौता गर्ने जिम्मेवार व्यक्तिलाई जवाफदेही बनाई आगामी दिनमा यस्ता सम्झौता गर्न नमिल्ने र गरेको भए त्यस्ता शर्त रद्द गरी योजना कार्यान्वयन तथा व्यवस्थापन पक्षलाई कानूनसम्मत्, मितव्ययी, तथा जवाफदेहिपूर्ण बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५४.५ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(७) अनुसार कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । साथै, उद्यमशिलता परियोजनाका लागि कृषि सामाग्री, बागवानी तथा पशु खरिद शीर्षकमा बजेट तथा कार्यक्रम स्वीकृत भएकोमा सोसँग असम्बन्धित कार्यमा खर्च गर्न वा सम्झौतामा स्वीकृत शीर्षक र

कृयाकलाप भन्दा फरक शीर्षकमा रकमान्तर गरी वा अन्य कारण देखाई सो परियोजनामा लागत समावेश हुने गरी खर्च लेख्न मिल्दैन । गाउँपालिकाले उद्यमशीलता परियोजनाका लागि यो वर्ष रु.७९९९९८३ खर्च लेखेको मध्ये स्वीकृत कार्यक्रम र शीर्षकसँग असम्बन्धित खोर निर्माण तथा भकारो सुधारमा यो वर्ष रु.१९८०००० लेखेको पाइयो । हेफर प्रोजेक्ट नेपालले पेश गरेका खर्चका विवरण र सोको पुष्ट्याईलाई कार्यालयले विस्तृत परीक्षण गर्ने गरेको पाइएन । खोर निर्माण सम्बन्धी लागत अनुमान, खोर निर्माण र सोको लागि लाभग्राहीको छनौट, निर्माण कार्यको अभिलेखलगायतका आधार पेश भएको छैन । साथै, कृषकलाई ब्याज अनुदान दिनुपर्ने भए गाउँपालिका आफैले विधिसम्मत सो कार्य गर्न सक्नेमा पनि सम्झौताका शर्तमा नरहेको कार्य हेफर प्रोजेक्ट नेपालले गरेको भनि खर्च लिएको पाइयो । सम्झौताको उद्धेश्य र कार्यक्रमसँग अमिल्दो कार्यमा गरेको खर्च दाबी गर्ने हेफर प्रोजेक्ट नेपाल तथा सोलाई स्वीकार गर्ने अधिकारीलाई जिम्मेवार बनाई सम्झौता र स्वीकृत कार्यक्रम भन्दा अमिल्दो कार्य खोर निर्माण गरेको खर्च स्वीकृत गर्न र समर्थन गर्न नमिल्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १९,८०,००० |

५४.६ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(८) मा स्थानीय तहले सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने व्यवस्था गरेको भए तापनि गैरसरकारी संस्थासँग स्थानीय तहले खर्च बेहोर्ने गरी कुनै योजना साझेदारी गर्न सक्ने प्रावधान रहेको छैन । स्थानीय तहले स्थानीय सरकार संचालन ऐन, २०७४को दफा २५ बमोजिम गैरसरकारी संस्थाले स्थानीय तहसँग समन्वय गरी आफ्ना योजना र कार्यक्रम स्थानीय तहको योजना, बजेट तथा कार्यक्रममा समावेश गराई मात्र सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ। गैरसरकारी संस्थाबाट कार्य गराउने सन्दर्भमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सबलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ । सो नियम ९९ मा गैरसरकारी संस्थाबाट दश लाख रूपैयाँसम्मको काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त तयार गरी कम्तिमा पन्ध्र दिनको अवधिको सूचनामार्फत कम रकमको प्रस्ताव पेश गर्ने योग्य संस्थासँग सम्झौता गर्न सकिने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहले खर्च बेहोर्ने गरी कुनै योजनाको सञ्चालन तथा व्यवस्थापन गैरसरकारी संस्थाले गर्ने गरी साझेदारी गर्न सक्ने व्यवस्था नगरेको अवस्थामा पनि कृषि तथा पशु उद्यमशीलता परियोजना सञ्चालनका लागि गाउँपालिकाले अनुमानित लागतको ७५ प्रतिशत खर्च रु. ३४५००००००.०० बेहोर्ने गरी लागत साझेदारीको नाममा हेफर प्रोजेक्ट नेपालसँग सम्झौता गरेको तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा निर्दिष्ट क्षेत्रसँग अमिल्दो कृषि सामाग्री, पशु तथा बागवानी सम्बन्धी खरिद र ढुवानीकार्यका लागि तथा तोकिएको रकमको सीमा भन्दा बढी हुने गरी सो परियोजना कार्यान्वयन गर्न र सोका लागि खर्च परिचालन गर्न सो गैरसरकारी संस्थालाई अधिकार दिएको कानूनसम्मत देखिएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ५५ हेफर प्रोजेक्ट नेपाल क्रमशः

५५.१ परियोजना संचालनपूर्व सो सम्बन्धी विस्तृत अध्ययन विश्लेषण गर्नुपर्दछ । सोको अभावमा नै परियोजना तय गरेको अवस्था छ । परियोजनाको उद्धेश्य प्राप्ती भएनभएको मूल्याङ्कन गर्नुपर्ने हुन्छ । उद्यमशीलता परियोजनाका कृषि, बागवानी र पशु खरिद गरी तीन क्षेत्रमा गरिने विस्तृत कृयाकलापको विवरण, सोमा लाग्ने खर्च, लाभग्राहीको छनौट, अपेक्षित प्रतिफल, कार्य

सम्पादन सूचक, सार्वजनिक खरिद कानूनको पालना विधि र पारदर्शिताको व्यवस्था निर्धारण नगर्नाले तथा लक्ष्य र प्रगति विवरण पेश नगर्नाले शीर्षकगत खर्चमा स्वीकृत सीमा नाघेननाघेको, विधिको पालना भएनभएको र अपेक्षित प्रगति हासिल गरेनगरेको यकिन गर्न सकिएन । संघीय बजेट र प्रादेशिक बजेटबाट अन्य कार्यालयहरूले पनि कृषि र पशु सम्बन्धी कार्यक्रम संचालन गरिरहेको अवस्थामा यस परियोजनाको कार्य दोहोरो पर्नेनपर्ने बारे अध्ययन विश्लेषण गरेको पाइएन । परियोजना व्यवस्थापनको नेतृत्व र कार्यान्वयनको जिम्मेवारी हेफर प्रोजेक्ट नेपालको रहने र हेफर प्रोजेक्ट नेपालले परियोजना साझेदार संस्था अर्थात गाउँपालिकाको क्षमता विकास गर्ने र अझ सम्पादित गुणस्तरको सुनिश्चित्ता गर्ने गरी सम्झौता उल्लेख गरे तापनि सो सम्बन्धी कारवाही गरेको पुष्टयाई पेश गरेको पाइएन ।सम्झौतामा उल्लिखित लाभग्राहीको सामाजिक पुँजीको अभिवृद्धि, कृषि तथा बाख्राको उत्पादन र उत्पादकत्वको अभिवृद्धि, बजार व्यवस्थापन, र उद्यमशीलताको अभिवृद्धि गर्ने मुख्य उद्धेश्यहरू के कति हासिल भयो भनि खर्चको सार्थकतासहित मुल्यांकन गरेको पाइएन। परियोजनाको उद्धेश्य र खर्चको सार्थकता प्राप्त गरेनगरेको सम्बन्धमा मुल्याङ्कन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५५.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानूनमा कुनै फर्म, संस्था वा कम्पनीलाई पेश्की दिँदा प्रचलित कानूनबमोजिम बैंक जमानत लिनुपर्ने व्यवस्था विपरीत कृषि तथा पशु उद्यमशीलता विकास परियोजनाको कार्यान्वयनार्थ हेफर प्रोजेक्ट नेपाललाई सम्झौताको दफा ७.२.२ बमोजिम पेश्की दिएको पाइयो । सम्झौताको उक्त दफामा पहिलो पक्ष गाउँपालिकाले दोस्रो पक्ष हेफर प्रोजेक्ट नेपाललाई पहिलो किस्तामा कुल रकमको २५ प्रतिशत, दोस्रो किस्ता ५० प्रतिशत र तेस्रो किस्ता २५ प्रतिशत र अझ पहिलो वर्षको हकमा सम्झौता रकमको पचास प्रतिशतका दरले दुई किस्तामा रकम निकासा गर्ने उल्लेख छ । यस वर्षान्तमा पेश्की बाँकी नरहे तापनि जमानत बेगर पेश्की दिँदा सोको अन्यत्र प्रयोग हुन नपाउने गरी पेश्कीका लागि छुट्टै बैंक खाता नखोली पेश्की उपलब्ध गराएको र मासिक रूपमा खर्चको फाँटवारी र बैंक स्टेटमेण्ट लिएको पाइएन । आर्थिक कार्यविधि कानूनको प्रावधान विपरीत जमानत बेगर पेश्की दिन मिल्ने बेहोरा सम्झौतामा राखी स्वीकृत गर्ने र कानूनी व्यवस्थासँग बेमेल हुने गरी पेश्की दिनेलाई जिम्मेवार बनाई कानूनबमोजिम बाहेक सुरक्षण बेगर पेश्की दिने कार्य बन्द गर्नुपर्दछ । सार्वजनिक खरिद ऐन तथा आर्थिक कार्यविधि कानूनबमोजिम पेश्की रकमलाई अन्यत्र प्रयोग गरेमा वार्षिक १० प्रतिशतका दरले ब्याज असुल गर्नुपर्ने प्रावधान रहेबमोजिम मासिक बैंक विवरणका आधारमा गाउँपालिकाले दिएको पेश्की रकम प्रयोग गरेको अवस्था यकिन गरी अन्यत्र रकम परिचालन गरेको भए सोमा ब्याज असुल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५५.३ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(३) तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम स्वीकृत कार्यक्रम र सोमा लाग्ने बजेट खर्चको कार्यान्वयन गाउँपालिका आफैले गर्नुपर्नेमा रम्भा कृषि तथा पशु उद्यमशिलता विकास परियोजना गैरसरकारी संस्था हेफर प्रोजेक्ट नेपालबाट गराएको पाइयो । गाउँपालिकाले कृषि र पशु उद्यमशीलता परियोजना गैर सरकारी संस्था हेफर प्रोजेक्ट नेपालबाट गर्ने गरी सम्झौता गर्दा सो कार्य गाउँपालिका आफैले गर्न सक्नेनसक्ने विश्लेषण गरेको पाइएन । सो परियोजना संचालन गर्न क्षमताको कमी भएको भए कानूनबमोजिम बाह्य पक्षबाट गराउँदा गाउँपालिकाका कर्मचारीको ज्ञान र सीप हस्तान्तरण हुने व्यवस्था गर्नुपर्नेमा सो गरेको पनि पाइएन। सार्वजनिक स्रोतबाट संचालित कार्यक्रमको कार्यान्वयनमा गाउँपालिकाको आधिकारिक संलग्नता नरहनाले परियोजनाका लाभग्राहीलाई बाख्रालगायतका वस्तु वा सेवा वितरण गरेकोमा सोको प्रदायक गाउँपालिका नभई गैरसरकारी संस्था हेफर

रहेको भन्ने बुझाई व्याप्त रहेको हुँदा गाउँपालिकाले सोको जस प्राप्त गरेको स्थिति छैन । स्थानीय कर्मचारीको संलग्नता र कार्यक्रमगत अभिलेखको अभावमा सो कार्यक्रम आवश्यक भएमा गाउँपालिका आफैले अगाडि बढाउन कठिनाई हुने हुँदा यस्ता योजना र कार्यक्रम संचालनका विधि कानूनसम्मत र उपलब्धिमूलक हुने गरी तय गरेर मात्र कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५५.४ आयकर ऐन, २०५८ को दफा ७, ८, र ९ बमोजिम क्रमशः व्यवसाय, रोजगारी तथा लगानीको आय भए सोको गणना गरी करयोग्य आयमा कर लाग्ने व्यवस्था छ । सोही ऐनको दफा ८८ अनुसार सेवा शुल्कको भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले र दफा ८९ बमोजिम ठेक्का वा करार वापतको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। परियोजना संचालनका लागि तालिम, प्राविधिक सेवा र मुल्याङ्कन कार्यका लागि बजेट व्यवस्था गरेको र सोको संचालन हेफर प्रोजेक्ट नेपालले गर्ने हुँदा सो सेवाको भुक्तानीमा कर कट्टी गर्नुपर्ने देखिन्छ। तालिम तथा प्राविधिक सेवा र मुल्यांकनको लागत, दर, र कृयाकलाप गाउँपालिकाले स्वीकृत गरेको पाइएन । प्राविधिक सेवा प्रदान गर्ने कार्यको लागत र सोका गतिविधि तथा सोमा के कति खर्च भयो देखिने स्पष्ट अभिलेख संलग्न नरहेको हुँदा सो सेवाको भुक्तानीमा कर कट्टी गर्नुपर्ने रकम यकिन गर्न सकिएन । हेफर प्रोजेक्ट नेपाल गैर नाफामूलक संस्था रहेको भए तापनि संस्थाको मुख्य उद्धेश्य भन्दा पृथक खोर निर्माण, प्राविधिक सेवा, कार्यक्रम तथा तालिम संचालन जस्ता प्राविधिक सेवाको भुक्तानीमा कर छुट नहुनुका साथै सो संस्थाले पुनः अर्को स्थानीय संस्था इन्द्रेणी समाज नेपालमार्फत सेवा प्रदान गराएको हुँदा इन्द्रेणी समाज नेपाललाई हुने भुक्तानीमा सेवा शुल्क लगायतका प्रतिफल समावेश हुने हुँदा सो अवस्थामा भुक्तानी गर्दा सोमा ऐनको दफा ८८ र ८९ बमोजिम कर कट्टी गर्नु पर्ने हुन्छ । तर सो सम्बन्धी खुलासा गरेको पाइएन । उद्यमशीलता परियोजना संचालनका लागि तालिम र प्राविधिक सेवा जस्ता कार्यमा खर्च लेखेको तथा परियोजना संचालनका लागि करार गरेको हुँदा सोको भुक्तानीमा आयकर ऐन, २०५८ का उपरोक्त दफा बमोजिम कर कट्टी गर्नुपर्ने अवस्था देखिदा सो सम्बन्धमा हेफर प्रोजेक्ट नेपाललाई कर कट्टी गर्नु नपर्ने आन्तरिक राजस्व विभागको निर्णय वा कानूनी आधार पेश गर्नुपर्ने अन्यथा यो वर्षको खर्च रकम रु.७९९९९८३ मा हेफर प्रोजेक्ट नेपालले अर्को संस्थालाई दिएको भुक्तानी रकमलाई समेत आधार लिई आयकर ऐन, २०५८ को दफा ८८ र ८९ बमोजिमको प्रकृतिका भुक्तानीमा कर कट्टी गर्न निक्यौंल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२०,००० |

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: रम्भा गाउँपालिका, पाल्पा , रम्भा गाउँपालिका , पाल्पा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | ठाकुर प्रसाद अर्याल | २०८०-५-१० | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | भक्तु जङ्ग राना | २०७९-५-५ | २०८०-४-१९ |
| कार्यालय प्रमुख | कृष्ण प्रसाद ढकाल | २०७७-४-१ | २०७९-५-४ |
| लेखा प्रमुख | पोष्टराज न्यौपाने | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १८०,४४१ | ३,९०१,६३४ | १९,७७७,२१४.२९ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २३,८५९,२८९.२९ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ४,९७९ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २३,८५४,३१०.२९ |

**आर्थिक कारोबारको स्थिति**

**अनुसूची - १**

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४००८३८२६.०६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३६१२२११०० | **चालु खर्च** | २९५८८१४३०.५१ |
| **प्रदेश सरकारबाट अनुदान** | ३२१८३००१ | **पूँजीगत खर्च** | १२७०७९१४८ |
| **राजश्व बाँडफाँट** | ६७७४७२७९.६८ | **वित्तीय/अन्य व्यवस्था** | १६०९१२७१३.६५ |
| **आन्तरिक आय** | ७७९९५५.६२ | | |
| **अन्य आय** | १३३१९१९७८.०३ | | |
| **कुल आय** | ६०२१४३३१४.३३ | **कुल खर्च** | ५८३८७३२९२.१६ |
| **बाँकी मौज्दात** | | ५८३५३८४८.२३ | |